
# वार्षिक प्रगति प्रतिवेदन

# (Annual Progress Report)

# २०८२।८३





नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय बागलुङ**

**प्रकाशक:**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय बागलुङ**

फोन नं: ०६८-५२०२७६

ईमेल : statisticsblg@gmail.com , scobaglung@nsonepal.gov.np

वेबसाइट: https://scobaglung.nsonepal.gov.np/

प्रकाशन वर्ष : २०८३ असोज

# हाम्रो भनाई

आर्थिक वर्ष २०८२/८३ मा यस तथ्याङ्क समन्वय कायार्लय, बागलुङबाट सम्पादन भएका कार्यक्रम तथा क्रियाकलापहरूको प्रगति विवरण समावेश गरी यो प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुशि लागेको छ। देश विकासका लागि सत्यतथ्य तथ्याङ्क आवश्यक पर्दछ र उक्त विकास जनता कै लागि हो। तथ्याङ्क सम्बन्धी कृयाकलापहरूबाट राष्ट्र र नागरिकको वर्तमान अवस्थाको बारेमा जानकारी प्राप्त भई सामाजिक एवं आर्थिक रूपान्तरणका क्षेत्रमा अपेक्षित सुधार गर्न नीतिगत तथा प्रकृयागत निर्णयका लागि आधार प्राप्त हुन्छ। तथ्यमा आधारित भई नीति निर्माण तथा विकासका कार्यको लागि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विकासका नीति, योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि सरोकारवालाहरूलाई आवश्यक पर्ने तथ्याङ्कको सङ्कलन, प्रशोधन, प्रविष्टी एवं विश्लेषणको कार्य तथ्याङ्क समन्वय कार्यालयबाट हुने गर्दछ।

आर्थिक वर्ष २०८२/८३ मा यस कायार्लयको बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने सम्बन्धित सरोकारवालाहरू (तथ्याङ्क एवं सूचना उत्तरदाताहरू, स्थानीय तहहरू, विभिन्न सामाजिक तथा आर्थिक क्रियाकलाप गर्ने संघ सँगठनहरु, गैरसरकारी निकायहरू, सङ्घीय कार्यालयहरू) एवं कार्यान्वयनमा सहयोग तथा उत्प्रेरणा प्रदान गर्ने राष्ट्रिय तथ्याङ्क कार्यालय तथा विभिन्न महाशाखा, शाखाहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु। यस कार्यालयबाट सञ्चालन हुने बजेट तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न महत्वपूर्ण योगदान पुऱ्याउनुहुने यस कार्यालयका सम्पूर्ण कर्मचारी साथीहरू प्रति विशेष धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

अन्त्यमा आ.व. २०८२/८३ मा यस कार्यालयका कार्यक्रम/कृयाकलापहरू कार्यान्वयनमा महत्वपूर्ण योगदान गर्नुहुने एवं यो प्रगति विवरण पुस्तिका तयार पार्ने कार्यमा योगदान गर्नुहुने तथ्याङ्क समन्वय कार्यालय, बागलुङका तथ्याङ्क अधिकृतहरु लगायत अन्य कर्मचारीहरूलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछु। आगामी आर्थिक वर्षमा सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्दा आर्थिक वर्ष २०८२/८३ मा हासिल भएका अनुभव, उपलब्धी तथा पृष्ठपोषणलाई समेत दृष्टिगत गरी कार्यान्वयन गर्ने गराउने कुरामा कार्यालय प्रतिबद्ध रहेको छ। यस प्रतिवेदन तयारीका लागि सल्लाह सुझाव उपलब्ध गराउनुहुने सबैमा पुनः हार्दिक धन्यवाद दिदै यसमा रहेका कमीकमजोरीहरु औल्याइ दिनुभइ आगामी प्रतिवेदनहरु अझ परिस्कृतरुपमा प्रकाशन गर्ने हौसला समेत प्रदान गरीदिनुहुन पाठक वर्ग लगायत सरोकारवाला सबैमा तथ्याङ्क समन्वय कार्यालय, बागलुङ हार्दिक अनुरोध समेत गर्दछ ।

राम कुमार श्रेष्ठ
तथ्याङ्क समन्वय अधिकारी

# सारांश

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ र तथ्याङ्क ऐन, २०७९ को दफा ३३ ले सरकारी कार्यालयहरूले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै सूचनाको हकसम्वन्धी ऐन, २०६४ लगायतका विभिन्न कानुनले नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारलाई स्थापित गरेका छन्। यिनै कानुनी व्यवस्थालाई आत्मसात गरी तथ्याङ्क समन्वय कार्यालय बागलुङले आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरेका कार्य सम्बन्धित सरोकारवाला समक्ष सम्प्रेषण गर्ने उद्देश्यले यो वार्षिक प्रतिवेदन प्रकाशन गरिएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले योजना तथा नीति निर्माणका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने, देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने, तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने, तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, तथ्याङ्कीय जनशक्तिको विकास गर्ने जस्ता कार्यहरूमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ। तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित वार्षिक कार्यक्रम, प्रमुख उपलब्धि, भौतिक तथा वित्तीय प्रगति, बेरुजु र बेरुजु फछ्र्यौटको अवस्था, सङ्कलित राजश्व, समस्या तथा समाधानका उपायहरू, चुनौती र अवसर यस प्रतिवेदनमा समेटिएका छन्।

यस प्रतिवेदनमा जम्मा छ वटा परिच्छेद रहेका छन्। परिच्छेद १ मा कार्यालयको परिचयसँगै कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधारहरू उल्लेख गरिएको छ। परिच्छेद २ मा आर्थिक वर्ष २०८२/८३ का प्रमुख कार्यक्रमहरूको नतिजा र कार्यक्रमहरूको अपेक्षित उपलब्धि उल्लेख गरिएको छ। परिच्छेद ३ मा वार्षिक कार्यक्रमको संक्षिप्त जानकारी प्रस्तुत गरिएको छ भने परिच्छेद ४ मा भौतिक तथा वित्तीय प्रगति उल्लेख गरिएको छ । परिच्छेद ५ राष्ट्रिय आर्थिक गणना २०८२ सम्वन्धी विवरण छ भने अन्तिम परिच्छेद ६ मा विविध अवस्थाका बारेमा जानकारी उल्लेख गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङले कुल १२ वटा प्रमुख कार्यक्रमहरू सम्पादन गरेका छ। यसमा निजी स्वास्थ्य संस्था सर्वेक्षण, स्थलगत यातायात सर्वेक्षण, व्यावसायिक तरकारी बाली सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपिवेक्षण, एउटा सर्वेक्षण (आन्तरिक पर्यटन सर्वेक्षण) को अघिल्लो आ. व मा सम्पन्न हुन बाँकी कार्यक्रम मध्ये तिन महिनाको तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भएका छन्। त्यस्तै निकै महत्वपूर्ण मानिएको राष्ट्रिय आर्थिक गणना २०८२ को बागलुङ जिल्लाको तथ्याङ्क सङ्कलन तथा प्रश्नावली फाराम रुजु गरी केन्द्रमा पठाउने काम सम्पन्न गरेको छ।

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको चालुतर्फ ५४.५७ प्रतिशत र पुँजीगततर्फ ९२.२५ प्रतिशत खर्च गरी कुल ५६.३२ प्रतिशत वित्तीय प्रगति भएको छ। त्यस्तै भौतिक प्रगति हेर्दा चालुतर्फ ८१.१४ प्रतिशत र पुँजीगततर्फ १०० प्रतिशत भौतिक प्रगति भएको छ। समग्रमा भौतिक प्रगति ८१.२० प्रतिशत रहेको छ। त्यस्तै आर्थिक गणनातर्फ भौतिक प्रगति १०० प्रतिशत भएको छ भने वित्तिय प्रगति ८९.२३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१/८२ सम्ममा तथ्याङ्क समन्वय कार्यालय बागलुङको कुनै पनि शिर्षकमा बेरुजु रहेको छैन।

# विषयसूची


**परिच्छेद १: परिचय** ..... १०

१.१ पृष्ठभूमि ..... १०

१.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली ..... ११

१.३ राष्ट्रिय तथ्याङ्क कार्यालय ..... ११

१.४ तथ्याङ्क समन्वय कार्यालय बागलुङ ..... १३

१.५ राष्ट्रिय तथ्याङ्क परिषद् ..... १६

१.६ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार ..... १६

**परिच्छेद २: प्रमुख कार्यक्रम र उपलब्धि** ..... २१

२.१ आर्थिक वर्ष २०८२।८३ का प्रमुख कार्यक्रमहरु ..... २१

२.२ सम्पादित प्रमुख कार्यक्रमको उपलब्धि ..... २१

**परिच्छेद ३: वार्षिक कार्यक्रमको संक्षिप्त जानकारी** ..... २३

३.१ कार्यालयको नियमित कार्यक्रमतर्फ ..... २३

३.२ अन्य Ad hoc सर्वेक्षणहरु ..... २९

**परिच्छेद ४: भौतिक तथा वित्तिय प्रगति** ..... ३८

४.१ भौतिक प्रगति ..... ३८

४.२ वित्तिय प्रगति ..... ४१

**परिच्छेद ५: राष्ट्रिय आर्थिक गणना, २०८२** ..... ४२

५.१ पृष्ठभूमि ..... ४२

५.२ नेपालमा आर्थिक गणनाको संक्षिप्त इतिहास ..... ४२

५.३ राष्ट्रिय आर्थिक गणना, २०८२ ..... ४३

५.४ राष्ट्रिय आर्थिक गणनाका उद्देश्य ..... ४४

५.५ राष्ट्रिय आर्थिक गणनाको आवश्यकता र महत्त्व ..... ४४

५.६ गणना विधि ..... ४५

५.७ मुख्य विषयवस्तु तथा कार्यसम्पादन समिक्षा ..... ४६

५.८ भौतिक तथा वित्तीय प्रगति ..... ५३

५.९ अन्य विषयहरु ..... ५४

५.१० चुनौती तथा सुझाव..... ५४
**परिच्छेद ६: विविध**.....५५
६.१ तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट जारि गरिएको नागरिक वडापत्र.....५५
६.२ तथ्याङ्क समन्वय कार्यालय बागलुङको स्वीकृत दरवन्दी तथा पदपूर्ती.....५६
६.३ तथ्याङ्क समन्वय कार्यालय बागलुङमा कार्यरत कर्मचारी विवरण.....५७
६.४ बेरुजुको अवस्था.....५७
६.५ जिन्सी विवरण .....५७
६.६ कार्यालयको प्रमुख समस्या, चुनौती तथा समस्या समाधानका उपायहरु .....५९

# तालिका सूची

तालिका १: नेपालको संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी व्यवस्था..... १६
तालिका २: नेपाल स्थल यातायात सर्वेक्षणमा भरिएका फारामहरुको विवरण..... ३०
तालिका ३ : निजी स्वास्थ्य संस्था सर्वेक्षणको भरिएका फारामहरुको विवरण ..... ३२
तालिका ४: व्यावसायिक तरकारी बाली सर्वेक्षणमा गणना गरिएका फर्महरुको विवरण ..... ३६
तालिका ५: आ. व २०८२।८३ मा सम्पादन गरेका कार्यक्रमहरुको वार्षिक लक्ष्य र प्रगतिको विवरण ..... ३८
तालिका ६: आ. व २०८२।८३ को वार्षिक वित्तिय प्रगतिको विवरण..... ४१
तालिका ७: स्थानिय तह अनुसार सङ्कलित प्रश्नावली फारमको प्रारम्भिक विवरण..... ५३
तालिका ८: राष्ट्रिय आर्थिक गणना २०८२ को वित्तिय प्रगति..... ५३
तालिका ९: तथ्याङ्क समन्वय कार्यालय बागलुङको नागरिक वडापत्र..... ५५
तालिका १०: तथ्याङ्क समन्वय कार्यालय बागलुङको स्वीकृत दरवन्दी ..... ५६
तालिका ११: तथ्याङ्क समन्वय कार्यालय बागलुङको नागरिक वडापत्र..... ५७
तालिका १२: तथ्याङ्क समन्वय कार्यालय बागलुङमा चालु हालतमा रहेको जिन्सी सामानको विवरण ..... ५८

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

विक्रम सम्वत् १९६८ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरको पालामा सञ्चालन गरिएको जनगणनालाई नेपालको पहिलो आधिकारिक तथ्याङ्कीय गतिविधि मानिएको छ। विक्रम सम्वत् २००७ अगाडि नेपालको तथ्याङ्कीय कार्य सम्पादन गर्नका लागि औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा र जनसङ्ख्या गोश्वारा नामक दुईओटा अड्डाहरू क्रियाशील रहेका थिए। विक्रम सम्वत् २००७ मा ती दुवै अड्डालाई गाभेर सङ्ख्या विभाग स्थापना गरिएको थियो। विक्रम सम्वत् २००९ मा जनगणना ऐन जारी भएपछि उक्त विभागले पाँचौं जनगणना (२००९-२०११) सञ्चालन गरेको थियो।

पहिलो आवधिक योजना (विक्रम सम्वत् २०१३-२०१८) तर्जुमा गर्दा तथ्याङ्कको अभाव महसुस गरी तथ्याङ्कको क्षेत्र विस्तार गर्ने, केन्द्रीय तथ्याङ्क विभाग र यसका शाखा कार्यालयहरूको स्थापना गर्ने जस्ता महत्वपूर्ण विषयहरू उल्लेख गरेको पाइन्छ। फलस्वरूप जनता र मुलुकको ठोस हित हुने नीति निर्माण गर्न, सरकारी निकायहरूको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधि बारे यथार्थ ज्ञान प्राप्त गर्न, तथ्याङ्क सङ्कलन, सङ्ग्रह, प्रकाशन र विश्लेषण गर्ने उद्देश्य राखेर तथ्याङ्क ऐन, २०१५ जारी गरेको देखिन्छ। उक्त ऐनबमोजिम विक्रम सम्वत् २०१५ पुस १७ गते केन्द्रीय तथ्याङ्क विभागको स्थापना भएको थियो। विक्रम सम्वत् २०१७ मा तथ्याङ्क नियम जारी गरिनु र निजामती सेवा ऐन, २०४९ मा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र तथ्याङ्क समूह गठन हुनु नेपालको तथ्याङ्कीय विकासक्रमका प्रमुख परिघटनाहरू हुन्। संस्थागत विकास क्रममा विक्रम सम्वत् २०५० मा केन्द्रीय तथ्याङ्क विभाग मातहत ३३ वटा शाखा तथ्याङ्क कार्यालयहरू स्थापना भएका थिए। मुलुकको संघीय शासन प्रणाली अनुरूपको तथ्याङ्क ऐन, २०७९ जारी भएपछि विक्रम सम्वत् २०७९ साल असोज २७ गते साविकको केन्द्रीय तथ्याङ्क विभाग हालको राष्ट्रिय तथ्याङ्क कार्यालयमा स्तरोन्नति भयो। आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा विभिन्न सरकारी कार्यालयहरूको पुनर्संरचना गर्ने उल्लेख गरिएअनुसार साविकमा रहेका ३३ वटा तथ्याङ्क कार्यालयहरूलाई विक्रम सम्वत् २०८१ साउन १ गतेबाट लागु हुने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालयहरूमा रूपान्तरण गरियो। ऐनले निर्दिष्ट गरेअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको नेतृत्व नेपाल सरकारको विशिष्ट श्रेणी (सचिवस्तर) का प्रमुख तथ्याङ्क अधिकारीबाट भएको छ।

## १.२ नेपालको राष्ट्रिय तथ्याङ्क प्रणाली

आधिकारिक तथ्याङ्कसँग सम्बन्धित कानुनी प्रावधान, पूर्वाधार तथा संस्थागत व्यवस्थाको समष्टिगत स्वरूपलाई राष्ट्रिय तथ्याङ्क प्रणाली भनेर बुझिन्छ। यसले आधिकारिक तथ्याङ्कको उत्पादन, वितरण, प्रयोग, भण्डारण जस्ता क्रियाकलाप सञ्चालन गर्न सँगठित भएका तथ्याङ्कीय सँगठन तथा एकाइहरूको समूहलाई प्रतिबिम्बित गर्दछ। तथ्याङ्क ऐन, २०७९ को दफा ३ ले राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्ने विषय उल्लेख गरेको छ। जसअनुसार तथ्याङ्क ऐन तथा प्रचलित कानुनबमोजिम कार्यालय, सरकारी निकाय तथा सार्वजनिक संस्थाले सङ्कलन गरेको तथ्याङ्कको एकीकृत प्रणालीको रूपमा राष्ट्रिय तथ्याङ्क प्रणालीको स्थापना गर्ने विषय उल्लेख गरिएको छ। साथै, तथ्याङ्क नियमावली, २०८० को नियम ३ मा राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध हुन पूरा गर्नुपर्ने आधारहरू उल्लेख गरिएको छ। एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गरी गुणस्तरीय तथ्याङ्कको समयमै आपूर्ति गर्न आर्थिक वर्ष २०८१/८२ देखि २०८५/८६ सम्मका लागि "उन्नत तथ्याङ्क उन्नत जीवन" को नारासहित "तथ्याङ्क प्रणालीको विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो" कार्यान्वयनमा छ।

## १.३ राष्ट्रिय तथ्याङ्क कार्यालय

तथ्याङ्क ऐन, २०७९ बमोजिम विक्रम सम्वत् २०७९ आश्विन २७ गते तथ्याङ्कसम्बन्धी काम गर्न केन्द्रीय निकायका रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको छ। यस कार्यालयको उद्देश्य, सांगठनिक स्वरूप, काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

### १.३.१ उद्देश्य

- योजना तथा नीति तर्जुमाका लागि सरकारलाई समयमै गुणस्तरीय तथ्याङ्क उपलब्ध गराउने र देशको सामाजिक-आर्थिक अवस्थाको जानकारी दिने,
- आर्थिक सामाजिक क्षेत्रको तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, प्रकाशन, प्रसार र संरक्षण गर्ने,
- तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र संरक्षणमा संलग्न विभिन्न निकायहरूसँग समन्वय गर्ने,
- तथ्याङ्कीय गतिविधिहरूमा अग्रणी भूमिका निर्वाह गर्दै तथ्याङ्कीय प्रणालीको विकास गर्ने, र
- तथ्याङ्कीय जनशक्तिको क्षमता विकास गर्ने।

### १.३.२ सांगठनिक स्वरूप

राष्ट्रिय तथ्याङ्क कार्यालयमा आर्थिक तथ्याङ्क महाशाखा, सामाजिक तथ्याङ्क महाशाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा गरी चारवटा महाशाखाहरू रहेका छन्।

महाशाखाको नेतृत्व नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाका राजपत्राङ्कित प्रथम श्रेणीका उप-प्रमुख तथ्याङ्क अधिकारीले गर्ने व्यवस्था रहेको छ। आर्थिक तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा, सामाजिक तथ्याङ्क महाशाखाअन्तर्गत पाँचवटा शाखा, राष्ट्रिय लेखा तथ्याङ्क महाशाखाअन्तर्गत चारवटा शाखा र योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाअन्तर्गत सातवटा शाखा गरी कुल २० वटा शाखा रहेका छन। मुलुकको ७७ वटै जिल्ला समेट्न तीनदेखि छ जिल्ला कार्यक्षेत्र रहने गरी १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका छन्।

### १.३.३ राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार

तथ्याङ्क ऐन, २०७९ को दफा २४ मा राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकारलाई देहायानुसार उल्लेख गरिएको छ ।

(क) तथ्याङ्कसम्वन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी परिषद्समक्ष पेश गर्ने,

(ख) राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्धन तथा सोको लागि अन्तरनिकाय समन्वय गर्ने,

(ग) कार्यालयले सङ्कलन गर्नुपर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्कसम्वन्धी कार्य सञ्चालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(घ) योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ङ) तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरणसम्बन्धी कार्य गर्ने,

(च) तथ्याङ्कसम्वन्धी अभिलेखको सुरक्षा गर्ने,

(छ) तथ्याङ्कसम्वन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) केन्द्रीय तथ्याङ्क (डाटा) बैङ्कको रूपमा कार्य गर्ने,

(झ) प्रदेश र स्थानीय तहले सङ्कलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,

(ञ) प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,

(ट) प्रचलित कानुनबमोजिम तथ्याङ्क सङ्कलनसम्बन्धी काम गर्ने निकायको तथ्याङ्कसम्वन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,

(ठ) यस ऐनबमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण

तथा सुपरिवेक्षण गर्ने,

(ङ) तथ्याङ्कसम्वन्धी अध्ययन, अनुसन्धान तथा प्रशिक्षणसम्बन्धी काम गर्ने, र

(ढ) नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्कसम्वन्धी विवरण वा सूचना उपलब्ध गराउने।

### १.४ तथ्याङ्क समन्वय कार्यालय बागलुङ

जनतालाई अधिक रुपमा हित हुने नीति निर्धारण गर्न, नेपाल सरकारका विभागहरुको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न तत्कालिन सरकारलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सम्बन्धि कामको निमित्त एक केन्द्रीय स्तरको संरचना आवश्यक भएकोले केन्द्रीय निकायको रुपमा वि. सं २०१५ मंसिर १८ गते नेपाल तथ्याङ्क ऐन २०१५ बमोजिम साविकको संख्या विभाग खारेज गरी वि. सं २०१५ पौष १७ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवालय अन्तर्गत रहने गरी राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना भएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालयको स्थापना पश्चात तथ्याङ्क ऐन २०१५ र नियमावली २०४१ मा भएको व्यवस्था वमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्यसम्पादनमा सहयोग पुर्याउने, स्थानिय स्तरमा संकलन गरिने तथ्याङ्कलाई बढि भन्दा बढी विश्वासनीय बनाउने तथा स्थानिय स्तरमा तथ्याङ्क सम्बन्धी गतिविधिहरको समन्वय गर्ने उद्धेश्यले वि. सं. २०५० मा नेपालका ३३ वटा जिल्लाहरुमा शाखा तथ्याङ्क कार्यालयको स्थापना भएको थियो जसमध्ये तथ्याङ्क कार्यालय बागलुङ पनि एक हो। स्थापना कालमा यस कार्यालयको नाम शाखा तथ्याङ्क कार्यालय रहेकोमा आ. व २०७०।७१ देखि कार्यालयको नाम परिमार्जन भई तथ्याङ्क कार्यालय भएको छ। २०७९ साल असोज २७ गते देखि तथ्याङ्क ऐन २०१५ खारेज भई नयाँ तथ्याङ्क ऐन २०७९ लागु भए पश्चात अहिले यो कार्यालय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत रहेको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०९।१२ को निर्णयअनुसार राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गत रहेका साविकका ३३ वटा तथ्याङ्क कार्यालय खारेज भई १८ वटा तथ्याङ्क समन्वय कार्यालय स्थापना भएका छन्। जसअनुसार मिति २०८१ साउन १ गतेदेखि तथ्याङ्क समन्वय कार्यालय बागलुङ स्थापाना भएको हो। हाल यसको कार्यक्षेत्र अन्तर्गत बागलुङ, म्याग्दी, मुस्ताङ, पर्वत र स्याङ्जा जिल्ला पर्दछन। यस कार्यालयले राष्ट्रिय तथ्याङ्क कार्यालयको आदेशअनुसार तथ्याङ्क संकलन गर्दछ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट अन्तिम नतिजा स्वरुप प्राप्त हुन आएका विविध विषयका तथ्याङ्क प्रयोगकर्ता तथा सरोकारवाला निकायहरुलाई निःशुल्क रुपमा उपलब्ध गराउने कार्य गर्दछ। हाल यो कार्यालय बागलुङ जिल्लाको सदरमुकाम, बागलुङ नगरपालिका वडा नं २ स्थित गुठी टोलमा रहेको छ।

तथ्याङ्क कार्यालयको स्थापना पछि स्थानिय तहहरुमा राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना एवं सर्वेक्षणहरुमा सहयोगी भूमिका निभाउनुको अतिरिक्त तथ्याङ्क कार्यालयको आफ्नै वार्षिक कार्यक्रमहरु पनि प्राप्त भई एक आर्थिक वर्ष भरिमा सञ्चालन हुँदै आएको छ। जिल्ला स्तरमा यस कार्यालयले सेवाग्राहीहरुलाई सर्वसुलभ निःशुल्क तथ्याङ्क सम्बन्धी विभिन्न सेवाहरु उपलब्ध गराउँदै आएको छ। कार्यालय स्थापना पश्चात स्थानिय स्तरका तथ्याङ्कीय गतिविधिहरुमा बृद्धि हुनुका साथै कार्यालयको कार्यप्रभावकारीतामा समेत बृद्धि गईरहेको छ।


### १.४.१ काम कर्तब्य र अधिकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय तथ्याङ्क कार्यालयको मातहतमा रहेको तथ्याङ्क समन्वय कार्यालय बागलुङको कामहरु देहाय वमोजिम रहेका छन्।

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन गरिने विभिन्न गणना तथा सर्वेक्षणको ब्यवस्थापन, जनशक्ति छनौट, तालिम तथा तथ्याङ्क सङ्कलन, अनुगमन तथा सुपरिवेक्षण गर्ने र सङ्कलित तथ्याङ्क निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;
- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान र मूल्य सूचकाङ्कको लागि आवश्यक तथ्याङ्क सङ्कलन गरी नियमित रूपमा निर्धारित समयभित्र राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने;
- तथ्याङ्कीय व्यावसायिक रजिष्टरका लागि आवश्यक दर्ता भएका व्यवसायहरुको सूची र आवश्यक विवरणहरु संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई उपलब्ध गराउने;
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट सञ्चालन हुने गणना क्षेत्र नक्साङ्कनसम्बन्धी कार्य गर्ने;
- स्थानीय तहसँगको समन्वयमा National Data Profile को कार्यान्वयनसम्बन्धी कार्य गर्ने;
- प्रदेश सरकार तथा स्थानीय तहमा तथ्याङ्कीय गतिविधिका सम्बन्धमा सरकारी तथा गैरसरकारी निकायसँग निरन्तर अन्तरक्रिया र छलफल सञ्चालन गर्ने;
- सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट माग भई आएका तथ्याङ्क पूर्ति गर्न कार्यक्षेत्रभित्र आवश्यक गणना, सर्वेक्षण, अध्ययन अनुसन्धानको कार्य गर्ने साथै माग गरेबमोजिमको तथ्याङ्क उपलब्ध गराउने;
- प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वय, सहकार्य एवं आर्थिक सहयोगमा गणना तथा सर्वेक्षण सञ्चालन गरी आवश्यक सूचकहरु तयार गर्ने;
- राष्ट्रिय तथ्याङ्कको प्रादेशिक डाटाबेस तयार गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने;

- प्रदेश तथा स्थानीय तहका आर्थिक तथा सामाजिक सूचक समेटी प्रदेश तथा स्थानीय तहका प्रतिवेदन तथा वस्तुगत विवरण तयार गर्ने;
- राष्ट्रियस्तरको तथ्याङ्क सङ्कलनका लागि सर्वेक्षण अनुमति प्राप्त गरेका निकाय तथा संघ संस्थाले स्थानीय तहमा गर्ने तथ्याङ्क सङ्कलनसम्बन्धी कार्यको अनुगमन गर्ने;
- स्थानीय तहमा कार्यरत तथ्याङ्कसम्बन्धी काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवधिकरूपमा प्रशिक्षण एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने;
- स्थानीय तहका तथ्याङ्क उत्पादक निकायहरूसँग अन्तरनिकाय समन्वय गर्ने;
- स्थानीय तह एवं सम्बद्ध निकायलाई आधिकारिक प्रकाशित तथ्याङ्क उपलव्ध गराउने;
- स्थानीय तहमा हुने तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन तथा भण्डारणका विषयमा निर्धारित मानक तथा गुणस्तरको पालना भए नभएको अनुगमन गर्ने;
- राष्ट्रिय तथ्याङ्क प्रणालीको स्तरोन्नतिका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले दिएको निर्देशन बमोजिमका काम गर्ने।

### १.४.२ सँगठनात्मक स्वरुप




*चित्र १ : तथ्याङ्क समन्वय कार्यालय बागलुङको सँगठन संरचना*

## १.५ राष्ट्रिय तथ्याङ्क परिषद्

राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन र अनुसन्धानसम्बन्धी कार्यको रेखदेख, निर्देशन, नियन्त्रण र नियमन गर्ने प्रयोजनका लागि तथ्याङ्क ऐन, २०७९ को दफा १९ बमोजिम राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा २६ सदस्यीय राष्ट्रिय तथ्याङ्क परिषद् गठन भएको छ । ऐनको दफा २० मा परिषद्को बैठक वर्षको कम्तीमा दुईपटक बस्ने र राष्ट्रिय तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रूपमा कार्य गर्ने व्यवस्था गरिएको छ ।

## १.६ कार्यालयको कार्यसम्पादनका नीतिगत तथा कानुनी आधार

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयहरुको कार्यसम्पादन गर्नका लागि नेपालको संविधान, तथ्याङ्क ऐन तथा नियमावली, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, सोह्रौं योजना, नीति तथा कार्यक्रम र बजेट वक्तव्य प्रमुख नीतिगत व्यवस्था हुन् । राष्ट्रिय तथ्याङ्क कार्यालय तथा तथ्याङ्क समन्वय कार्यालयहरुको कार्यसम्पादन गर्नका लागि विद्यमान रहेका प्रमुख नीतिगत तथा कानुनी आधार देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### १.६.१ नेपालको संविधान

विक्रम सम्वत् २०७२ मा जारी गरिएको नेपालको संविधानले तथ्याङ्कसँग सम्बन्धित विषयलाई महत्वका साथ उल्लेख गरेको पाइन्छ । यसले नेपालको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्पष्ट रूपमा विकेन्द्रित तथ्याङ्क प्रणालीको रूपमा स्थापित गरेको छ र संघको अधिकार क्षेत्रअन्तर्गत तथ्याङ्कको मानक र गुणस्तर कायम गर्ने विषय समावेश गरेको छ । यही क्षेत्राधिकारभित्र रही राष्ट्रिय तथ्याङ्क कार्यालयले आफ्ना तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्ने नीतिगत आधार प्राप्त गरेको छ।

*तालिका १: नेपालको संविधानमा उल्लेख भएका तथ्याङ्कसम्बन्धी व्यवस्था*

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी उल्लेखित विषय |
|---|---|---|---|
| १ | धारा २८ | गोपनीयताको हक | तथ्याङ्कको गोपनीयता कानुनबमोजिम बाहेक अनतिक्रम्य हुने । |
| २ | धारा ५१ | राज्यका नीतिहरूको खण्ड (च) विकाससम्बन्धी नीतिको बुँदा नं. ८ र खण्ड (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको बुँदा नं. ४ | जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने । बालबच्चाको पालनपोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने । |

| क्र.सं. | धारा | विषय | तथ्याङ्कसम्बन्धी उल्लेखित विषय |
|---|---|---|---|
| ३ | धारा ८४ | प्रतिनिधि सभाको गठन उपधारा (१) को खण्ड (क) र उपधारा (२) | जनसङ्ख्यालाई निर्वाचन क्षेत्र निर्धारणको आधार मानिएको । |
| ४ | धारा १७६ | प्रदेश सभाको गठन उपधारा (२) र (६) | समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा प्रतिनिधित्व हुने । |
| ५ | धारा २५९ | राष्ट्रिय समावेशी आयोगको काम, कर्तव्य र अधिकार (१ (छ)) | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने । |
| ६ | धारा २८१ | विशेष अधिकारको समीक्षा तथा पुनरावलोकन | राष्ट्रिय जनगणना तथा मानव विकास सूचकाङ्कलाई आधार बनाउनुपर्ने । |
| ७ | धारा २८६ | निर्वाचन क्षेत्र निर्धारण आयोगको उपधारा (५) र (६) | निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसङ्ख्यालाई मुख्य आधार मान्ने । |
| ८ | अनुसूची ५ | संघको अधिकार सूची (बुँदा १३) | केन्द्रीय तथ्याङ्क (राष्ट्रिय र अन्तर्राष्ट्रिय मानक र गुणस्तर) |
| ९ | अनुसूची ६ | प्रदेशको अधिकार सूची (बुँदा ६) | प्रदेश तथ्याङ्क |
| १० | अनुसूची ८ | स्थानीय तहको अधिकार सूची (बुँदा ६, १३, १७) | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीय अभिलेख व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन । |
| ११ | अनुसूची ९ | संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची (बुँदा ११) | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क । |

नोटः संविधानको अनुसूची ५, ६, ८ र ९ मा उल्लेख भएका अधिकार सूचीलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३ माघ १८ को निर्णयबमोजिम विस्तृतीकरण गरी कार्यान्वयनमा आएको छ ।

### १.६.२ तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८०

राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सञ्चालन गर्ने मुख्य कानुनी आधार तथ्याङ्क ऐन, २०७९ हो। यस ऐनमा भएका प्रमुख प्रावधान देहायबमोजिम रहेका छन्।

- विकेन्द्रित राष्ट्रिय तथ्याङ्क प्रणाली अवलम्बन गरिएको,

- राष्ट्रिय तथ्याङ्क परिषद्को व्यवस्था गरिएको,
- तथ्याङ्कसम्वन्धी काम गर्न केन्द्रीय निकायको रूपमा राष्ट्रिय तथ्याङ्क कार्यालय रहने व्यवस्था रहेको,
- कार्यालयको नेतृत्व नेपाल सरकार विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारीबाट हुने व्यवस्था गरिएको,
- कम्प्युटर डाटाबेस, गणना, तथ्याङ्क, विद्युतीय अभिलेख, राष्ट्रिय तथ्याङ्क प्रणाली, सर्वेक्षणको विषय समावेश गरिएको,
- अन्य निकायले तथ्याङ्कीय क्रियाकलाप सञ्चालन गर्ने विधि तोकिएको,
- अन्य सरकारी निकाय वा सार्वजनिक संस्थाले तथ्याङ्क सङ्कलन गर्नसक्ने र सो तथ्याङ्क राष्ट्रिय तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुने,
- तथ्याङ्क सङ्कलक, उत्पादक तथा तथ्याङ्क प्रयोगकर्ताको दायित्व उल्लेख गरिएको,
- विद्युतीय अभिलेख, तथ्याङ्कको प्रयोग तथा पहुँचसम्बन्धी व्यवस्था गरिएको,
- तथ्याङ्क सङ्कलन गर्ने अनुमतिसम्बन्धी व्यवस्था रहेको,
- तथ्याङ्कसम्वन्धी राष्ट्रिय मानक र गुणस्तरका आधार तोकिएको,
- तथ्याङ्क परीक्षण गर्ने अधिकारको प्रावधान रहेको,
- केन्द्रीय डाटा बैङ्कको व्यवस्था गरिएको, र
- तथ्याङ्कसम्बन्धी कार्यको वार्षिक कार्य विवरण सहितको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको।

तथ्याङ्क ऐनका प्रावधान सहज ढंगले कार्यान्वयन गर्नका लागि तथ्याङ्क नियमावली, २०८० नेपाल सरकारबाट पारित भई कार्यान्वयनमा आइसकेको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सम्पादन गर्ने कार्यहरू नेपालका कानुन, नीति, योजना, निर्देशिका, कार्यविधिका अतिरिक्त अन्तर्राष्ट्रिय प्रचलित विधि तथा सिद्धान्तले समेत निर्देशित गर्दछ । यस्ता सिद्धान्तमा संयुक्त राष्ट्रसंघीय तथ्याङ्क आयोगले अनुमोदन गरेका आधिकारिक तथ्याङ्कका आधारभूत सिद्धान्त, PARIS 21 को सुझाव, तथ्याङ्कमा प्राविधिक सहयोगसम्बन्धी असल अभ्यासहरूको घोषणा, अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चालन गर्ने सिद्धान्त, तथ्याङ्कको लागि माराकेस कार्ययोजना आदि पर्दछन् ।

### १.६.३ तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, प्रथम (आर्थिक वर्ष २०७५/७६-२०७९/८०) को अवधि समाप्त भइसकेको छ । उक्त रणनीतिको समीक्षाको आधारमा तथ्यमा आधारित नीति निर्माण, अनुगमन एवम् मूल्याङ्कनको लागि आवश्यक तथ्याङ्क आपूर्ति गर्न र तथ्याङ्क क्षेत्रमा आएका नवीन अभ्यासहरूको प्रयोग गर्दै एक सबल र भरपर्दो राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्न आगामी वर्षमा चाल्नुपर्ने कदमहरूको पहिचानसहित तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) मिति २०८१ असार ९ गते नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ । यस रणनीतिका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकताका क्रियाकलाप देहायबमोजिम रहेका छन् ।

**दूरदृष्टि (Vision):** एकीकृत, समन्वयात्मक र सबल राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास ।

**लक्ष्य (Mission):** सुशासन, सामाजिक न्याय र समृद्धिसम्बन्धी नीति तथा निर्णय प्रक्रियाका लागि संघीय शासन प्रणालीसापेक्ष गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति र उपयोग पद्धति विकास गर्ने ।

## रणनीतिक उद्देश्यहरू (Strategic Objectives)

१. सङ्घीय, प्रादेशिक तथा स्थानीय तथ्याङ्क प्रणाली सुदृढीकरणका लागि आवश्यक पूर्वाधार तयार गर्ने,
२. तथ्याङ्कीय कार्यमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय प्रणाली विकास गर्ने,
३. तथ्यमा आधारित नीति निर्माण तथा निर्णय प्रक्रियाका लागि आवश्यक गुणस्तरीय तथ्याङ्कको नियमित आपूर्ति गर्ने ।

## प्राथमिकताका क्रियाकलाप

१. कार्यान्वयनका लागि स्पष्ट निर्देशिका तथा कार्यविधि
२. राष्ट्रिय तथ्याङ्क परिषद्को सशक्तिकरण
३. संस्थागत स्मृति र ज्ञानको हस्तान्तरण
४. वैकल्पिक स्रोतहरूबाट गुणस्तरीय तथ्याङ्क उत्पादन
५. वास्तविक समय तथ्याङ्कको उत्पादन
६. प्रयोगकर्तामैत्री प्रकाशन र खुला तथ्याङ्क प्रणाली
७. अनुसन्धान तथा तालिमको लागि संस्थागत व्यवस्था
८. प्रदेश तथा स्थानीय तहको क्षमता विकास
९. अन्तर्राष्ट्रिय समन्वय र स्रोत परिचालन

### १.६.४ सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२ - २०८५/८६)

वि.सं. २०१३ मा पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) तर्जुमा गर्दादेखि नै तथ्याङ्कको महत्व र आवश्यकतालाई प्रमुखताका साथ उल्लेख गरिँदै आएको पाइन्छ । सोह्रौं योजनाको रूपान्तरणकारी रणनीति अन्तर्गत तथ्याङ्कसम्बन्धी निम्न विषय उल्लेख गरिएको छ ।

- एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली विकास तथा व्यवस्थापन गर्ने,
- सरकारी निकायहरूबीच समन्वय र सहकार्यको लागि राष्ट्रिय तथ्याङ्क परिषद्को भूमिका सुदृढ एवं प्रभावकारी बनाउने, र
- गणना तथा सर्वेक्षण सञ्चालन र तथ्याङ्क सङ्कलनका वैकल्पिक स्रोत तथा विधिहरू उपयोग गरी तथ्याङ्क उत्पादन तथा आपूर्तिमा सुधार गर्ने ।

### १.६.५ आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको बुँदा नं. १४८ र १४९ मा तथ्याङ्कसम्वन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

१४८. राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तन गर्न आवश्यक सडक यातायात सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण र सहकारी सर्वेक्षणको कार्य सम्पन्न गरिनेछ । राष्ट्रिय आर्थिक गणना, २०८२ को तथ्याङ्क सङ्कलन कार्यसम्पन्न गरिनेछ ।

१४९. योजना तथा नीति निर्माणका लागि तथ्याङ्क प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाइनेछ। राष्ट्रिय तथ्याङ्क प्रणालीमा तीन वटै तहका तथ्याङ्कहरू आबद्ध गरिनेछ।

### १.६.६ आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्य

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नं. ३०६ मा तथ्याङ्कसम्वन्धी देहायका विषयहरू समावेश गरिएका छन्।

- राष्ट्रिय आर्थिक गणना, २०८२ सम्पन्न गरिनेछ ।
- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गरिनेछ।
- सङ्घ, प्रदेश र स्थानीय तहको तथ्याङ्कीय प्रोफाइल तयार गरिनेछ।
- विग डाटा प्रशोधन क्षमता विकास गरिनेछ।
- खुला तथ्याङ्कको अवधारणालाई क्रमशः कार्यान्वयन गरिनेछ ।

# परिच्छेद २: प्रमुख कार्यक्रम र उपलब्धि

## २.१ आर्थिक वर्ष २०८२।८३ का प्रमुख कार्यक्रमहरु

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङको लागि व्यावसायिक तरकारी बाली सर्वेक्षण, निजी स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षण, स्थलगत यातायात सर्वेक्षण, राष्ट्रिय आर्थिक गणना २०८२, आन्तरिक पर्यटन सर्वेक्षण, राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन लगायतका कार्यक्रमका लागि बजेट विनियोजन भएको थियो । विनियोजित बजेटबाट सम्पादित भएका प्रमुख कार्यक्रम देहायबमोजिम रहेका छन् ।

### २.१.२ तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट सम्पादित प्रमुख कार्यक्रम

१. निजी स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,
२. स्थलगत यातायात सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,
३. त्रैमासिक राष्ट्रिय लेखासम्बन्धी स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण
४. वार्षिक राष्ट्रिय लेखासम्बन्धी स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण
५. त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण
६. त्रैमासिक निर्माण क्षेत्रको लागत मूल्य सर्वेक्षणसम्बन्धी तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण
७. अगुवा कृषकबाट कृषिजन्य उत्पादकको मूल्य तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,
८. आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,
९. व्यवसायिक तरकारी बाली सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण,
१०. ३ वटा स्थानीय तहहरूमा तथ्याङ्कीय साक्षरता तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन,
११. ६ वटा स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण
१२. राष्ट्रिय आर्थिक गणना २०८२ को स्थलगत तथ्याङ्क सङ्कलन।

## २.२ सम्पादित प्रमुख कार्यक्रमको उपलब्धि

आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यक्रमबाट भएका उपलब्धि देहायबमोजिम रहेका छन्।

- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास र व्यवस्थापनमा सहयोग पुगेको,

- राष्ट्रिय लेखाको आधार वर्ष परिवर्तन गर्न आवश्यक पर्ने प्रमुख तथ्याङ्क उपलब्ध भएको,
- छोटो अवधिको अर्थतन्त्रको दिशानिर्देश भएको,
- स्थलगत यातायात सर्वेक्षण, व्यावसायिक तरकारी बाली सर्वेक्षण र निजी स्वास्थ्य संस्थामा सिर्जना भएका रोजगारी, लगानी तथा कुल गार्हस्थ्य उत्पादनको मापन भएको,
- औद्योगिक उत्पादक मूल्य, निर्माण क्षेत्रको लागत मूल्य र कृषि उत्पादक मूल्य सूचकाङ्कबाट उत्पादकस्तरमा मूल्यमा हुने परिवर्तन मापन भएको,
- औद्योगिक उत्पादन सूचकाङ्कबाट त्रैमासिक रूपमा उत्पादनमा भएको परिवर्तन मापन भएको,
- आर्थिक क्षेत्रका सर्वेक्षणका लागि आवश्यक नमुना फ्रेम तयार भएको,
- राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयनबाट स्थानीय तहको तथ्याङ्क अद्यावधिक भएको,
- नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कनका लागि तथ्याङ्क उपलब्ध भएको ।
- स्थानिय तहमा तथ्याङ्कीय साक्षरता वृद्धि भएको।

# परिच्छेद ३: वार्षिक कार्यक्रमको संक्षिप्त जानकारी

## ३.१ कार्यालयको नियमित कार्यक्रमतर्फ

### ३.१.१ निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क

**परिचय:** निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क (Input Price Index of Construction Sector –IPICS) निर्माण क्षेत्रमा प्रयोग हुने सामग्री र सेवाहरूको मूल्यमा भएको परिवर्तनलाई मापन गर्ने एउटा आर्थिक सूचक हो। यस सूचकाङ्कले निर्माण क्षेत्रमा भएको मुद्रास्फीतिलाई पहिल्याउनुका साथै मूल्यमा आएको उतारचढावले निर्माण आयोजनाको लागतमा पर्ने प्रभावलाई मूल्याङ्कन गर्न सहयोग गर्छ। यसका साथै, निर्माण ठेक्का लागत निर्धारण गर्न तथा ठुला परियोजनामा सरकारको लगानी समायोजन गर्नेजस्ता निर्माण क्षेत्रसँग सम्बन्धित नीति निर्णयहरूमा यसलाई आधारको रूपमा प्रयोग गरिन्छ ।राष्ट्रिय तथ्याङ्क कार्यालय, मूल्य तथ्याङ्क शाखाले त्रैमासिक रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्क प्रकाशन गर्दै आइरहेको छ। यस कार्यालयबाट विभिन्न प्रकारका निर्माण सामग्रीको मूल्य, कामदारको ज्याला र मेशिनरी औजारहरुको भाडा दर सम्बन्धी तथ्याङ्क संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउदै आइरहेको छ । तथ्याङ्क सङ्कलनको लागि यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा निर्माणकार्य सँग सम्बन्धित ठेकेदार, निर्माण व्यावसायी, हार्डवेयर पसल, विजुली पसल, फर्निचर,ग्रिल तथा आल्मुनियम उद्योग, निर्माण व्यावसायी महासंघको कार्यालय तथा सरोकारवाला अन्य निकायसँग समन्वय गरि तथ्याङ्क फाराम भरिन्छ।

**उद्देश्य:**

१. निर्माण क्षेत्रमा प्रयोग हुने सामग्री र सेवाहरुको मूल्यमा भएको परिवर्तनलाई मापन गर्ने ।

२. निर्माण क्षेत्रसँग सम्बन्धित नीति नियम बनाउनको लागि सूचक उपलब्ध गराउने ।

**तथ्याङ्क सङ्कलन कार्य:** आ.व. २०८२।८३ मा यस कार्यालयबाट प्रत्येक त्रैमासिकमा राष्ट्रिय तथ्याङ्क कार्यालयले निर्दिस्ट गरेको फाराम अनुसारका निर्माण क्षेत्रमा प्रयोग हुने सामग्रीको मूल्य, कामदारको ज्याला र मेशिनरी औजारहरुको भाडाको दर विभिन्न ठेकेदार, निर्माण व्यावसायी, हार्डवेयर पसल, विजुली पसल, फर्निचर, ग्रिल तथा आल्मुनियम उद्योग, निर्माण व्यावसायी महासंघको कार्यालय तथा सरोकारवाला अन्य निकायसँग समन्वय गरि संकलित विवरण कम्प्युटरमा प्रविष्ट गरि राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाइएको थियो।

**समस्या र समाधानः** निर्माण क्षेत्रको लागत मूल्य सूचकाङ्कको आधार बर्ष २०७१/७२ रहेको छ र फाराममा भएका निर्माण सामग्रीहरु पनि सोही समयसँग सम्बन्धित भएको हुनाले अहिले धेरै सामानहरु बजारमा नपाईने अवस्था छ ।कतिपय सामानहरु पाईएपनि बिशेषता मिल्दैन । त्यसैले आजको समयमा बजारमा पाईने सामानहरु समेटेर फाराम परिमार्जन गर्नुपर्ने देखिन्छ ।

### ३.१.२ कृषि उत्पादक मूल्य सूचकाङ्क

कृषि उत्पादक मूल्य सूचकाङ्क (Agriculture producer price index) ले कृषकहरुले कृषि उपजहरुको फार्मगेटमा बिक्री गर्दाको औसत मूल्यलाई मापन गर्दछ। अर्थात यस सूचकाङ्कले उत्पादन आपुर्ति श्रृङखलामा प्रवेश गर्नुअघि कृषकहरुले आर्जन गर्ने मूल्यमा आउने परिवर्तनलाई मापन गर्दछ । राष्ट्रिय तथ्याङ्क कार्यालय, कृषि तथा पशुपंक्षी शाखाले प्रत्येक त्रैमासिकमा यो सूचकाङ्क प्रकाशन गर्दै आईरहेको छ। यस कार्यालयले जिल्लाका अगुवा कृषकहरुसँग समन्वय गरी कृषि तथा पशुपन्छीजन्य वस्तुहरुको विक्री मूल्यको तथ्याङ्क सङ्कलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालय पठाउने गर्दछ ।

**उद्देश्यः**

१. कृषकले उब्जनी गरेका कृषि तथा पशुजन्य उपजहरुको बिक्रिबाट पाउने वास्तविक अथवा फार्मगेट मूल्यको अवस्था पत्ता लगाउने ।
२. कृषि क्षेत्रसँग सम्बन्धित नीति नियम बनाउन तथा उपलब्धी मापनको लागि सूचक उपलब्ध गराउने ।

**तथ्याङ्क संकलन कार्यः** तथ्याङ्क समन्वय कार्यालयले आफ्नो कार्यक्षेत्र रहेका जिल्लाहरुवाट ९ जना अगुवा कृषकहरु छनोट गरि राष्ट्रिय तथ्याङ्क कार्यालयले तयार पारेको फारामअनुसारका कृषि तथा पशुजन्य उपजहरुको प्रत्येक तीन तीन महिनाको अन्तरालमा मूल्य तथ्याङ्क संकलन गरिएको थियो । आ.व. २०८२।८३ मा यस कार्यालयबाट स्याङ्जा जिल्लाका ४ जना तथा बागलुङ र पर्वतबाट ५ जना अगुवा कृषकहरु छनौट गरि प्रत्येक ३-३ महिनामा तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.१.३ औद्योगिक उत्पादन सूचकाङ्क र औद्योगिक उत्पादक मूल्य सूचकाङ्क

औद्योगिक उत्पादन सूचकाङ्क भनेको देशको उत्पादनमूलक उद्योग क्षेत्रमा वस्तुहरूको उत्पादन परिमाणमा आएको परिवर्तनलाई समयसँगै नाप्ने एक मापक हो भने औद्योगिक उत्पादक मूल्य सूचकाङ्कले उद्योगहरुले उत्पादन गरेका वस्तुहरुको प्रति एकाइ मूल्यमा आएको परिवर्तन मापन गर्दछ। यसले उद्योगहरूको गतिविधि बढ्यो वा घट्यो भन्ने कुरा देखाउँछ।राष्ट्रिय तथ्याङ्क कार्यालय, मूल्य तथ्याङ्क शाखाले प्रत्येक ३-३ महिनामा त्रैमासिक औद्योगिक उत्पादन सूचकाङ्क र औद्योगिक उत्पादक

मूल्य सूचकाङ्क प्रकाशन गर्दछ। यसका लागि आवश्यक तथ्याङ्कहरु मध्ये यस कार्यालयले फर्निचर सम्बन्धी वस्तुहरुको उत्पादन तथा मूल्य तथ्याङ्क संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यलयमा पठाउँदै आएको छ ।

**उद्देश्यः**

१. देशमा औद्योगिक उत्पादन तथा मूल्यमा आएको परिवर्तन मापन गर्न।
२. देशको अर्थतन्त्र र व्यापारको अवस्था अनुमान गर्न ।

**तथ्याङ्क संकलन कार्यः** राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने औद्योगिक उत्पादन सूचकाङ्क र औद्योगिक उत्पादक मूल्य सूचकाङ्कको लागि आवश्यक पर्ने मूल्य तथ्याङ्क मध्ये तोकिएका फर्निचरका सामानहरुको म्याग्दी र स्याङ्जा जिल्लाका तोकिएका फर्निचरहरुबाट प्रत्येक ३-३ महिनामा उत्पादन परिमाण तथा उत्पादित वस्तुको प्रति एकाई मूल्य संकलन गरि पठाईएको थियो ।

### ३.१.४ राष्ट्रिय लेखा

अर्थतन्त्रमा निश्चित अवधिभित्र सञ्चालन भएका सबै आर्थिक क्रियाकलापबाट उत्पादित वस्तु तथा सेवा प्रवाह र मौज्दात लगायत सोसँग सम्बन्धित संस्थागत एकाईबीचको कारोबारको मापन गरि लेखा राख्ने प्रणालीलाई राष्ट्रिय लेखा प्रणाली भनिन्छ। यो प्रणालीको मार्गदर्शन बमोजिम अर्थतन्त्रभित्र संचालित आर्थिक क्रियाकलापको तथ्याङ्कीय मापन गरि कुल गार्हस्थ्य उत्पादन, आय, उपभोग, बचत जस्ता आर्थिक परिसुचक तयार गर्ने कार्य राष्ट्रिय लेखा अनुमान अन्तर्गत पर्दछ। राष्ट्रिय लेखा प्रणालीको मार्गदर्शन बमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय लेखा अनुमान गरि प्रकाशन गर्दै आईरहेको छ।

क. वार्षिक राष्ट्रिय लेखा
ख. त्रैमासिक राष्ट्रिय लेखा

**उद्देश्यः**

१. देशको अर्थतन्त्रको आकार, स्वरुप, संरचना तथा व्यवहारको अध्ययन गर्न ।
२. सरोकारवाला निकायले नीति निर्माण, नीति परिवर्तन तथा कार्यान्वयनमा पुनरावलोकन गर्नको लागि आवश्यक आर्थिक सुचक उपलब्ध गराउने।

**तथ्याङ्क संकलन कार्यः** आ.व. २०८२।८३ मा यस कार्यालयलबाट वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि ५ वटा जिल्ला बाट आवश्यक तथ्याङ्क संकलन कार्य गरिएको थियो। खानी तथा उत्खनन र निर्माण सम्बन्धी तथ्याङ्क ५ वटा जिल्लाका ३९ स्थानीय तहहरुबाट संकलन गरिएको थियो। साथै

सामुदायिक वन (४), चिस्यान केन्द्र (१३), होटल तथा रेष्टुरेण्ट (१४), एफ.एम रेडियो (३), केवुल टेलिभिजन (४), बचत तथा ऋण सहकारी (४) क्षेत्रका तथ्याङ्क पनि ५ वटै जिल्लाबाट संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालय पठाईएको थियो।

त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि प्रत्येक ३-३ महिनामा कार्यक्षेत्र भित्रका जिल्लाहरुबाट होटल तथा रेष्टुरेण्ट (८), खानेपानी वितरण तथा महशुल सङ्कलन (४), कृषि क्षेत्रको उत्पादन (५), पशुजन्य उत्पादन (५) र सवारी साधनको दर्ता (१) सम्बन्धी विवरणहरु संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालय पठाईएको थियो।

### ३.१.५ स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको अनुगमन

**पृष्ठभूमि:** राष्ट्रिय तथ्यगत विवरण नेपालको भौगोलिक, प्राकृतिक, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य विविध पक्षहरुको चित्रण हुने गरी तथ्याङ्क तथा सूचनाहरु संग्रह एवं प्रवाह गर्ने अनलाइनमा आधारित एउटा डाटा पोर्टल हो । यसमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारका विभिन्न निकायबाट उत्पादित तथ्याङ्क रहने छन् । आ व २०७५।७६ को नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं २० मा "अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ। त्यसको लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरुको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ।" उल्लेख भए सँगै राष्ट्रिय तथ्यगत विवरणको अवधारणा आएको हो। यसको कार्यान्वयनको जिम्मेवारी राष्ट्रिय तथ्याङ्क कार्यालयलाई प्राप्त भएपछि कार्यलयको वार्षिक बजेटमा यो कार्यक्रम समावेश गरिँदै आएको छ। राष्ट्रिय तथ्यगत विवरणमा तथ्याङ्क प्रविष्टिको काम स्थानिय तहले गर्ने र उनीहरुलाई आवश्यक पर्ने तालिम, प्राविधिक सहयोगका साथै अनुगमनको काम राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुले गर्ने प्रावधान छ। यसै प्रावधान बमोजिम तथ्याङ्क समन्वय कार्यलयले आफ्नो कार्याक्षेत्र भित्रका स्थानिय तहहरुमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन गर्ने गर्दछ।

**उद्देश्य:** देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावना सम्बन्धी विभिन्न सरकारी निकायहरुबाट उत्पादित स्थानीय, प्रदेश र केन्दीयस्तरका सूचना तथा तथ्याङ्कलाई सूचना प्रविधिको उपयोग गरी एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली स्थापना गर्नु यस कार्यक्रमको प्रमुख उद्देश्य हो । यसका अन्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- सहज एवं छिटो छरितो ढंगले गुणस्तरीय तथ्याङ्कको प्रविष्टि गर्ने व्यवस्था मिलाउनु ।

- तथ्याङ्क व्यवस्थापनमा रहेका कमि कमजोरी पहिचान गर्नु।
- तथ्याङ्क प्रविष्टिका क्रममा भएको समस्याहरु पहिचान गरी समाधानका उपायहरु बारे छलफल गर्नु।
- स्थानिय तह र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वय तथा सम्बन्ध कायम राख्नु।
- निर्वाधरूपमा तथ्याङ्कीय वितरण प्रणाली कायम गराउनु।

**सम्पन्न गरिएका कार्यहरु:** यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत ३९ वटा स्थानिय तहहरु रहेका छन्। स्थानिय तहमा राष्ट्रिय तथ्यगत विवरण कार्यान्वयनको लागि कार्यलयले आ. व २०८२।८३ मा ६ वटा स्थानिय तह (घरपझोङ गा. पा मुस्ताङ, बेनी न. पा म्याग्दी, कुश्मा न. पा पर्वत, गल्कोट न. पा बागलुङ न. पा र जैमिनी न. पा बागलुङ )मा अनुगमन गरेको थियो। अनुगमनका क्रममा सम्बन्धित स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत, योजना शाखा प्रमुख लगायतका कर्मचारीहरुसँग NDP कार्यान्वयनको लागि भएका प्रयासहरु, समस्या तथा समस्या समाधानका उपायहरु बारे छलफल भएको थियो। सो क्रममा धेरै जसो स्थानिय तहले विवरण प्रविष्टि नगरेको पाईयो। तथ्याङ्क प्रविष्टीको लागि प्रायजसो system नचल्ने, system मा आएका प्राविधिक समस्याहरुको समाधान गर्नको लागि सम्पर्क गर्नुपर्ने व्यक्ति वा कार्यालयको यथेष्ट जानकारी नभएको र कतिपय स्थानिय तहमा कर्मचारी परिवर्तन भएकाले यसबारे केही थाहा नभएको गुनासो प्राप्त भएको थियो।

### ३.१.६ स्थानिय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम

**पृष्ठभूमि**: तथ्याङ्कीय सूचना तथा तथ्याङ्क सम्बन्धि तर्कहरू व्याख्या गर्ने र आलोचनात्मक रूपमा मूल्याङ्कन गर्ने मानिसहरूको क्षमतालाई तथ्याङ्कीय साक्षरता भनिन्छ। तथ्याङ्कीय साक्षरता हुनका लागि गणितको ज्ञान, तथ्याङ्कको ज्ञान, सन्दर्भको ज्ञान, साक्षरता कौशल र आलोचनात्मक प्रश्न क्षेत्रमा ज्ञान हासिल गरेको हुनुपर्दछ ।यस कार्यक्रमले तथ्याङ्क सम्बन्धी कानुनी प्रबन्ध, राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्क सम्बन्धी मान्य सिद्धान्त, तथ्याङ्कीय विधि, परिभाषा, अवधारणा, वर्गीकरण, राष्ट्रिय तथ्याङ्क कार्यालय र अन्तर्गत तथ्याङ्क समन्वय कार्यालयको सांगठनिक संरचना, काम कर्तव्य र अधिकार, निर्धारित तथ्याङ्क प्रणाली र यसमा आबद्ध निकाय र तिनको काम कर्तव्य र अधिकार, तथ्याङ्क उत्पादन, वितरण र भण्डारण तथा तथ्याङ्क प्रयोग, तथ्याङ्क सम्वन्धी ऐन, नियम लगायतका विषयमा स्थानिय तहका जनप्रतिनिधि, कर्मचारी, उद्योगी व्यवसायी, पत्रकार तथा नागरिक समाज लगायतका सरोकारवालालाई जानकारी गराउँदछ।

**उद्देश्यः**

- तथ्याङ्क भनेको के हो, यसको महत्त्व र आधिकारिक तथ्याङ्कको विषयमा सहभागिहरूमा चेतना जगाउने।
- तथ्याङ्क संकलन, विश्लेषण, प्रस्तुति र प्रयोगका आधारभूत सीप प्रदान गर्ने।
- तथ्यमा आधारित नीति निर्माणको लागि स्थानिय तहका कर्मचारीलाई क्षमता अभिवृद्धि गर्ने।
- गलत/भ्रामक तथ्याङ्कको पहिचान तथा निरुपणको लागि आवश्यक ज्ञान सिप प्रदान गर्ने.
- समग्रमा तथ्याङ्क साक्षरता अभिवृद्धि गर्ने

**तथ्याङ्कीय साक्षरताको महत्वः**

- तथ्याङ्कीय साक्षरताले हामी र हाम्रो समाजलाई बलियो बनाउँछ ।
- नीति निर्माता, जनप्रतिनिधी, कर्मचारी, पत्रकार, व्यापारी, अनुसन्धानकर्ता सबैको क्षमता अभिवृद्धि गर्दछ ।
- यसले अनुसन्धान, योजना र निर्णय गर्ने उद्देश्यको लागि राम्रो ज्ञान प्रदान गर्दछ।
- यसले सार्वजनिक नीति प्रक्रियामा लिने निर्णयहरूको लागि आधार प्रदान गर्दछ । जस्तैः चुनावी सीमाहरू निर्धारण गर्ने; स्कूल, अस्पताल, बाटो, पुल, बिजुली, खानेपानी जस्ता पूर्वाधार कहाँकहाँ आवश्यक छन्, पत्ता लगाउने आदि ।
- यसले व्यवसाय बढाउन, बजार जान्न, बुझ्न र तिनीहरूको मार्केटिङ रणनीतिहरूमा सुधार गर्न सहयोग गर्दछ ।
- तथ्याङ्कीय साक्षर व्यक्तिलाई उसका अन्य सहकर्मीभन्दा अब्बल साबित गर्दै रोजगारदाताका लागि आकर्षक बन्न सहयोग गर्दछ ।
- यसले प्रत्येक व्यक्तिलाई उसको अधिकार, शुद्धता र निष्ठाका साथ छलफल र निर्णय प्रक्रियामा संलग्न हुन सक्षम बनाउँछ ।

**सम्पन्न गरिएका कार्यहरु :** बागलुङ जिल्लाको तिन वटा स्थानिय तह (ढोरपाटन न. पा, निसीखोला गा. पा र तमानखोला गा. पा) मा तथ्याङ्कीय साक्षरता कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा स्थानिय तहका नगर प्रमुख/पालिका अध्यक्ष, नगर उप प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, शाखा प्रमुख, वडा सचिव, नगर उद्योग बाणिज्य संघका अध्यक्ष तथा अन्य पदाधिकारिहरु, स्थानिय क्याम्पसका प्रमुख, प्रध्यापक, विद्यार्थी तथा स्थानिय पत्रकारहरुको समउपस्थिति रहेको थियो। उक्त कार्यक्रममा ढोरपाटन नगरपालिकामा ५३ जना,

निसीखोला गाँउपालिकामा ३५ जना र तमानखोला गाँउपालिकामा ५२ जनाको सहभागीता रहेको थियो। कार्यक्रममा तथ्याङ्कको परिचय, आवश्यकता र महत्व, तथ्याङ्कीय स्रोतहरुको पहिचान प्राप्ति, आधिकारिक तथ्याङ्क, आधिकारीक तथ्याङ्क उत्पादन गर्ने निकाय तथा आधारभूत सिद्धान्तहरु, राष्ट्रिय तथ्याङ्क प्रणाली, तथ्याङ्कसम्बन्धी प्रमुख नीति तथा तथ्याङ्क ऐन, २०७९ लगायतका विषयमा प्रस्तुतीकरण गरिएको थियो। सहभागीहरुबाट उठेका प्रश्न तथा जिज्ञासाहरुलाई यथासक्दो सम्बोधन गर्ने प्रयास गरिएको थियो। प्राप्त केही सुझावहरुलाई आगामी कार्यक्रममा क्रमश: कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता समेत कार्यालयको तर्फबाट भएको थियो।

## ३.२ अन्य Ad hoc सर्वेक्षणहरु

### ३.२.१ नेपाल स्थल यातायात सर्वेक्षण,२०८२

**परिचय:** सार्वजनिक स्थल यातायात क्षेत्रको विद्यमान अवस्थालाई समग्र रुपमा पहिचान गरी तथ्यमा आधारित नीति तथा योजना निर्माणमा सहयोग पुऱ्याउने, राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनको लागि आवश्यक आधारभूत तथ्याङ्क उपलब्ध गराउने तथा मुलुकको अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्ने उद्देश्यले "नेपाल स्थल यातायात सर्वेक्षण,२०८२" संचालन गरिएको हो। यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतका जिल्लाहरुमा नमुना छनोटमा परेका यातायात व्यवसायीहरुबाट तथ्याङ्क सङ्कलन गरिएको हो।

**सर्वेक्षणको उद्देश्य:** यस सर्वेक्षणको मुख्य उद्देश्य सन्दर्भ अवधिमा देशभर सञ्चालनमा रहेका सार्वजनिक स्थल यातायात सेवा प्रदान गर्ने सवारी साधन र सोसँग सम्बन्धित विवरण संकलन विश्लेषण तथा प्रकाशन गरी अर्थतन्त्रमा यस क्षेत्रले पुऱ्याएको योगदानको मापन गर्नु हो। सथै यस सर्वेक्षणको थप उद्देश्यहरु निम्नानुसार छन्:

- सन्दर्भ वर्षमा सार्वजनिक स्थल यातायात सेवाले मुलुकको अर्थतन्त्रमा पुऱ्याएको योगदानको मापन गर्नु,
- सार्वजनिक स्थल यातायात सेवा प्रदान गरिरहेका सवारी साधनहरुको नेपाल स्तरिय औद्योगिक वर्गीकरण अनुसारको संरचनागत स्थिति पहिचान गर्नु,
- योजनाविद्, नीति निर्माता तथा अनुसन्धानकर्तालाई सार्वजनिक स्थल यातायात क्षेत्रको विकासका लागि आवश्यक अध्यावधिक तथ्याङ्क उपलब्ध गराउनु,
- यस क्षेत्रको विद्यमान समस्या पहिचान गर्नु।

**सम्पन्न गरिएका कार्यहरु:** "नेपाल स्थल यातायात सर्वेक्षण,२०८२" को संचालनको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा गणकको लागि संचालन गरिएको अभिमुखीकरण तालिममा सहभागी भई सर्वेक्षणको उद्देश्य, प्रश्नावली र कार्यविधिबारे जानाकारी प्राप्त गरियो। राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा तथ्याङ्क समन्वय कार्यालय बागलुङको कार्यक्षेत्रभित्रका ४७ वटा विभिन्न वर्गका स्थलगत यातायातहरुको नमुना छनोट गरी पठाईएको थियो। ४७ वटा नमुनासँग सम्बन्धित उत्तरदातासँग भेट गर्दा ३ वटा यातायात व्यवसायीले केही वर्ष देखि संचालन नभई बन्द रहेको पाईयो भने ४४ वटा विभिन्न वर्गका नमुनाहरुको प्रश्नावलीमा भएका आवश्यक विवरण संकलन गरिएको थियो। पहिलो पटकमा भेट हुन नसकेका उत्तरदाताहरुसँग पुन: भेट गरी आवश्यक विवरण संकलन गरिएको थियो। कार्यक्षेत्रमा देखा परेका समस्यालाई सुपरिवेक्षकसँग समन्वय गरि समाधान गरिएको थियो। साथै संकलित विवरणलाई जिल्लागत रुपमा तल तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका २: नेपाल स्थल यातायात सर्वेक्षणमा भरिएका फारामहरको विवरण*

| जिल्ला | केन्द्रबाट प्राप्त नमुना संख्या | जम्मा भरिएका फाराम |
|---|---|---|
| स्याङ्जा | ६ | ६ |
| पर्वत | १० | १० |
| बागलुङ | ३१ | ३१ |
| म्याग्दी | ० | ० |
| मुस्ताङ | ० | ० |
| **जम्मा** | **४७** | **४७** |

**समस्या**

- मौसम तथा यातायातको असहजताले गर्दा सम्बन्धित उत्तरदातालाई भेट्ने स्थानमा पुग्न कठिनाई भएको।
- केहि उत्तरदातालाई पहिलो पटकमा भेट्न नसकी पटक पटक जानु परेको।
- केही उत्तरदाताले सर्वेक्षणको बारेमा बुझ्न नखोजी विवरण दिन हिचकिचावट गरेको।

**समाधानको उपाय**

- उत्तरदातासँग नम्रतापूर्वक सर्वेक्षणको उद्देश्यको बारेमा जानाकारी दिदै आवश्यक विवरण संकलन गर्ने,
- उत्तरदातासँग भेट हुन नसक्दा वा विवरण प्राप्तिमा कठिनाई भएमा सम्बन्धित क्षेत्रका वडा अध्यक्ष अथवा जनप्रतिनिधि सँग समन्वय गर्ने,

- सुपरीवेक्षको प्रत्यक्ष सम्पर्कमा रही आवश्यक सहयोग लिने।

**निष्कर्ष:** "नेपाल स्थल यातायात सर्वेक्षण,२०८२" को लागि राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा प्रदान गरेको निर्देशिका तथा कार्यविधिको पूर्ण पालना गरी निर्धारित समयभित्र गुणस्तरीय तथ्याङ्क संकलन गर्दै तथ्याङ्क समन्वय कार्यालय बागलुङलाई तोकिदिएको सम्पूर्ण जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिएको छ। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले नेपाल सरकारलाई यातायात क्षेत्रको नीति निर्माण, योजना तर्जुमा तथा अनुसन्धान कार्यमा सहयोग पुग्ने विश्वास गरिएको छ।

### ३.२.१ निजी स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण,२०८२

**परिचय:** नेपालमा सञ्चालन रहेका सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सम्बन्धि विस्तृत विवरण सङ्कलनको लागी राष्ट्रिय तथ्याङ्क कार्यालयले स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण,२०८२ सञ्चालन गरेको हो। सरकारी बाहेकका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवा उत्पादन लागत तथा खर्च संरचना लगायत अन्य विविध विषय सम्बन्धि तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले यो सर्वेक्षण सञ्चालन गरिएको हो। यस सर्वेक्षणमा देशभर सञ्चालनमा रहेका सरकारी स्वामित्व बाहेकका अस्पताल, पोलिक्लिनिक, क्लिनिक लगायतका मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने कार्यमा संलग्न निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरु समावेश गरिएका छन।

**सर्वेक्षणको उद्देश्य:** यस सर्वेक्षणको मुख्य उद्देश्य सन्दर्भ वर्ष (आ.व २०८१/२०८२)मा देशभर सञ्चालनमा रहेमा स्वास्थ्य सम्बन्धी आर्थिक क्रियाकलाप गर्ने स्वास्थ्य संस्थाहरु (सरकारी बाहेकका) को व्यावसायिक विवरण, रोजगारीको अवस्था, सञ्चालन खर्च, आम्दानी, मौज्दात र सम्पत्ति लगायतका विविध विवरणहरु सङ्कलन गरी स्वास्थ्य क्षेत्रले अर्थतन्त्रमा पुऱ्याएको योगदानको मापन गर्न सहयोग पुऱ्याउनु रहेको छ। यस सर्वेक्षणको अन्य उद्देश्यहरु निम्नानुसार छन्:

- स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने सेवाहरु, उपलब्ध उपकरणहरु तथा स्वास्थ्य संस्थामा संलग्न जनशक्ति सम्बन्धि विवरण उपलब्ध गराउनु,
- चालु अवस्थामा रहेका सरकारी बाहेकका स्वास्थ्य संस्थाहरुको नेपालस्तरीय औद्योगिक वर्गीकरण अनुसारको संरचनागत स्थिति पहिचान गर्नु,
- स्वास्थ्य सेवा उपलब्ध गराउँदाको लागत मूल्य, उत्पादन मूल्य, मूल्य अभिवृद्धिका अनुमानहरु तथा पूँजी र स्थायी सम्पत्ति सम्बन्धी तथ्याङ्क उपलब्ध गराउनु,
- यस क्षेत्रमा विद्यमान समस्याहरुको पहिचान गर्नु।

**सम्पन्न गरिएका कार्यहरु:** स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण,२०८२ को सञ्चालनको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा गणकको लागि दुई चरणमा सञ्चालन गरिएको अभिमुखीकरण तालिममा सहभागी भई सर्वेक्षणको उद्देश्य, प्रश्नावली र कार्यविधिबारे जानाकारी प्राप्त गरियो। उक्त कार्यक्रममा यस कार्यलबाट दुई जना कर्मचारी सहभागी भएका थिए। राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा तथ्याङ्क समन्वय कार्यालय बागलुङको कार्यक्षेत्र भित्रका ७८ वटा विभिन्न सरकारी स्वामित्व बाहेकका अस्पताल, पोलिक्लिनिक, क्लिनिक लगायतका मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने कार्यमा संलग्न स्वास्थ्य संस्थाहरु नमुना छनोट गरी पठाईएको थियो। ७८ वटा नमुनासँग सम्बन्धित संस्थाका उत्तरदातासँग भेट गर्दा ४ वटा स्वास्थ्य संस्थाहरु केहि वर्ष देखि संचालनमा नभई बन्द रहेको पाईयो भने स्वास्थ्य संस्थाहरुको नाम अंग्रेजी र नेपालीमा एउटै भएकोले ९ वटा स्वास्थ्य संस्थाहरु दोहोरिएको पाईयो। ६५ वटा विभिन्न सरकारी स्वामित्व बाहेकका अस्पताल, पोलिक्लिनिक, क्लिनिक लगायतका मानव स्वास्थ्यसम्बन्धी सेवा प्रदान गर्ने कार्यमा संलग्न स्वास्थ्य संस्थाहरु को आवश्यक विवरण संकलन गरिएको थियो। साथै स्थानिय तह अनुसारको संकलित विवरण तल तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका ३ : निजी स्वास्थ्य संस्था सर्वेक्षणको भरिएका फारामहरको विवरण*

| जिल्ला | स्थानिय तहको नाम | जम्मा प्राप्त नमुना संख्या | बन्द भएको संख्या | दोहोरिएको संख्या | जम्मा भरिएको फाराम |
|---|---|---|---|---|---|
| म्याग्दी | मालिका गा.पा | १ | ० | ० | १ |
| | बेनी न.पा | १५ | २ | २ | ११ |
| स्याङ्जा | पुतलिबजार न. पा | ९ | ० | ० | ९ |
| | अर्जुनचौपारी गा. पा | १ | ० | ० | १ |
| | चापाकोट न. पा | ३ | १ | ० | २ |
| | वालिङ न. पा | १७ | ० | ३ | १४ |
| | गल्याङ न. पा | २ | ० | ० | २ |
| | कालिगण्डकी गा. पा | १ | ० | ० | १ |
| पर्वत | जलजला गा. पा | १ | ० | ० | १ |
| | कुश्मा न. पा | २ | १ | ० | १ |
| | फलेवास न. पा | १ | ० | ० | १ |
| बागलुङ | बागलुङ न. पा | १३ | ० | १ | १२ |
| | ढोरपाटन न. पा | २ | ० | ० | २ |
| | बडिगाढ गा. पा | १ | ० | ० | १ |
| | गल्कोट न. पा | ८ | ० | ३ | ५ |
| | जैमिनी न. पा | १ | ० | ० | १ |
| | **जम्मा** | **७८** | **४** | **९** | **६५** |

**समस्या**

- मौसम तथा यातायातको असहजताले गर्दा  सम्बन्धित उत्तरदातालाई भेट्ने स्थानमा पुग्न कठिनाई भएको,
- केहि उत्तरदातालाई पहिलो पटकमा भेट्न नसकी पटक पटक जानु परेको,
- केही उत्तरदाताले सर्वेक्षणको बारेमा बुझ्न नखोजी विवरण दिन हिचकिचावट गरेको।

**समाधानको उपाय**

- उत्तरदातासँग नम्रतापूर्वक सर्वेक्षणको उद्देश्यको बारेमा जानाकारी दिदै आवश्यक विवरण संकलन गर्ने,
- उत्तरदातासँग भेट हुन नसक्दा वा विवरण प्राप्तिमा कठिनाई भएमा सम्बन्धित क्षेत्रका जनप्रतिनिधिसँग समन्वय गर्ने,
- सुपरीवेक्षकको प्रत्यक्ष सम्पर्कमा रही आवश्यक सहयोग लिने।

**निष्कर्ष:** स्वास्थ्य सेवा प्रदायक प्रतिष्ठान सर्वेक्षण, २०८२ को लागि राष्ट्रिय तथ्याङ्क कार्यालयद्धारा प्रदान गरेको निर्देशिका तथा कार्यविधिको पूर्ण पालना गरी निर्धारित समयभित्र गुणस्तरीय तथ्याङ्क संकलन गर्दै तथ्याङ्क समन्वय कार्यालय बागलुङलाई तोकिएको सम्पूर्ण जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरिएको छ। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले नेपाल सरकारलाई स्वास्थ्य क्षेत्रको नीति निर्माण, योजना तर्जुमा तथा अनुगमन मूल्याङ्कन र राष्ट्रिय  लेखा अनुमानहरुलाई समेत यथार्थपरक बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

### ३.२.३ व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२

**पृष्ठभूमि:** नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । कृषि क्षेत्रअन्तर्गत तरकारी बाली एउटा प्रमुख आर्थिक क्रियाकलापको रूपमा रहेको छ । तरकारी खेतीबाट छोटो समयमै राम्रो प्रतिफल प्राप्त गर्न सकिने भएकाले व्यावसायिक तरकारी खेतीप्रति किसानहरूको आकर्षण बढ्दो छ । यस व्यवसायले किसानको आयआर्जनमा सुधार ल्याउनुका साथै मुलुकलाई तरकारीमा आत्मनिर्भर बनाउन र राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अहम् भूमिका खेलेको छ । यस क्षेत्रको वास्तविक अवस्था थाहा पाउनुका साथै यस क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको बढ्दो आवश्यकतालाई सम्बोधन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक वर्ष २०८२/८३ मा व्यावसायिक तरकारी बाली सर्वेक्षण संचालन गरिएको थियो।

यस सर्वेक्षणमा रोजगारी सिर्जना, आम्दानी, खर्च, तरकारी बाली लगाएको क्षेत्रफल, उत्पादन, प्रविधि प्रयोगको अवस्था, मल, बीउ तथा विषादी प्रयोग लगायतका विविध विवरणहरू संकलन गरिएको थियो।

यस सर्वेक्षणबाट प्राप्त हुने तथ्याङ्कहरू नीति निर्माण, योजना तर्जुमा र राष्ट्रिय लेखा अनुमानलाई यथार्थपरक बनाउन अत्यन्तै उपयोगी हुनुको साथै यस क्षेत्रसँग सम्बन्धित अध्ययन-अनुसन्धानकर्ता र व्यवसायीहरूका लागि समेत आवश्यक तथ्याङ्क उपलब्ध गराउने विश्वास लिइएको छ ।

**सर्वेक्षणको उद्देश्य:** नेपालमा सञ्चालनमा रहेका तरकारी बाली व्यवसायहरू (दर्ता भएका वा नभएका) को अवस्था, वितरण, बनोट र प्रकृतिसम्बन्धी जानकारीका साथै ती व्यवसायहरूको जम्मा सङ्ख्या, व्यवसायबाट सिर्जित रोजगारी, तरकारी उत्पादन तथा बिक्री, चालू तथा पूँजीगत खर्च आदि विवरणहरूको सङ्कलन, प्रशोधन, विश्लेषण एवं व्याख्या गरेर सोको प्रकाशन गर्नु यस सर्वेक्षणको प्रमुख उद्देश्य हो । बुँदागत रूपमा उल्लेख गर्नुपर्दा यस सर्वेक्षणका उद्देश्यहरू देहायअनुसार रहेका छन् :

- व्यावसायिक तरकारी बालीको वर्तमान अवस्थाको बारेमा सूचना प्राप्त गर्नुका साथै तरकारी बाली अनुसारको उत्पादन, क्षेत्रफलसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने,
- वार्षिक/त्रैमासिक/प्रादेशिक राष्ट्रिय लेखा अनुमान तथा आधार वर्ष परिवर्तन प्रयोजनका लागि तरकारी बालीसँग सम्बन्धित तथ्याङ्क उपलब्ध गराउने,
- उत्पादन भएको तरकारीको बजार र बिक्री वितरणको अवस्थाबारे जानकारी लिने,
- तरकारी बालीमा उन्नत बीउ, मलखाद, सिँचाइ र कीटनाशक विषादीहरूको प्रयोगको अवस्थाको जानकारी लिने,
- तरकारी बाली व्यवसायबाट सिर्जित रोजगारी, आधुनिक उपकरणहरूको प्रयोगको अवस्था र लागतका बारेमा जानकारी प्राप्त गर्ने,
- तरकारी खेती गर्ने किसानहरूले भोगिरहेका मुख्य समस्याको पहिचान गर्ने,
- योजना तर्जुमा, नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र अध्ययन/अनुसन्धान गर्न आवश्यक तथ्याङ्क उपलब्ध गराउने ।

**सर्वेक्षण विधि:** यो सर्वेक्षण नमुना छनौटमा आधारित सर्वेक्षण हो । यस सर्वेक्षण प्रयोजनका लागि तय गरिएको निर्धारित परिभाषाले समेट्ने व्यावसायिक तरकारी खेती गर्ने फर्म/व्यवसायहरूको अद्यावधिक र पूर्ण सूची तयार गरी उक्त सूचीबाट तथ्याङ्कीय विधिको प्रयोग गरी नमुना छनौट गरिएको थियो । छानिएका व्यावसायिक फर्म/व्यवसायहरूबाट विवरण सङ्कलन गरी व्यावसायिक तरकारी खेतीसँग सम्बन्धित तथ्याङ्क प्रकाशन गरिनेछ ।

**अध्ययन क्षेत्र:** व्यावसायिक तरकारी खेती सर्वेक्षणले देशको सम्पूर्ण भौगोलिक क्षेत्रलाई समेट्दछ । यस सर्वेक्षणमा प्रादेशिक रूपमा राष्ट्रिय लेखा अनुमानका लागि तथ्याङ्क उपलब्ध गराउने गरी नमुना

आकार तय गरिएको छ । व्यावसायिक रूपमा तरकारी खेती गरेका सरकारी निकायमा दर्ता भई सञ्चालनमा रहेका सबै फर्म/व्यवसायहरू र सरकारी निकायमा दर्ता नगरी अनौपचारिक रूपमा सञ्चालनमा रहेका फर्म/व्यवसायहरू सर्वेक्षणको दायरा भित्र पर्दछन् । तर प्रश्नावलीको विवरण भने छनौटमा परेका फर्म/व्यवसायबाट मात्र संकलन गरिएको थियो ।

**व्यावसायिक रूपमा तरकारी खेती गरेका फर्म/व्यवसाय:** यस सर्वेक्षण प्रयोजनको लागि व्यावसायिक रूपमा तरकारी खेती गरेका फर्म/व्यवसाय भन्नाले
क) कुनै सरकारी निकायमा दर्ता गरी व्यावसायिक तरकारी खेतीमा संलग्न रहेका सबै फर्म/ व्यवसायहरू,
ख) दर्ता नभई व्यावसायिक तरकारी खेतीमा संलग्न भएको हकमा वार्षिक रुपमा कम्तीमा पनि उत्पादनको एक चौथाइ हिस्सा विक्री गर्ने गरी तल उल्लिखित क्षेत्रफलमा तरकारी खेती गरेका फर्म/व्यवसायलाई बुझ्नुपर्दछ ।

- हिमाल र पहाडका जिल्लाको हकमा एक रोपनी वा सोभन्दा बढी क्षेत्रफलमा तरकारी बाली लगाएको,
- तराईका जिल्लाको हकमा ३ कट्ठा वा सोभन्दा बढी क्षेत्रफलमा तरकारी बाली लगाएको ।

**सूचीकरण तथ्याङ्कको स्रोत:** यस सर्वेक्षणको लागि कार्यालयको कार्यक्षेत्र अन्तर्गतका कृषि विकास कार्यालय, ३९ वटै स्थानीय तहको कृषि तथा पशु शाखा र वडा तहबाट व्यावसायिक रूपमा तरकारी खेती गर्ने फर्म/व्यवसायको परिभाषाभित्र पर्ने तरकारी खेती गर्ने फर्म/व्यवसायको सूची तयार गरिएको थियो । जिल्लामा रहेका सबै कृषक समूह, कृषि सहकारी, अगुवा कृषकहरू, एग्रोभेट सेन्टर, तरकारी सङ्कलन तथा चिस्यान केन्द्र, बजार केन्द्र, तरकारी व्यवसायी संघसंस्था, उद्योग वाणिज्य सङ्घ, स्थानीय बीउविजन केन्द्र, कोल्ड स्टोरेज, संघीय सरकारबाट सञ्चालित कृषि फर्म केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत रहेका पकेट क्षेत्रहरूबाट समेत तरकारी बाली सर्वेक्षणको परिभाषाले समेटेका तरकारी खेती गर्ने सबै फर्म/व्यवसायहरूको सूची तयार गरिएको थियो ।

**सन्दर्भ अवधि:** व्यावसायिक तरकारी बाली सर्वेक्षण २०८२ को लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ अवधि लिइएका छन् । सन्दर्भ वर्ष भन्नाले २०८१ पुष १६ गते देखि २०८२ पुष १५ गतेसम्मको १२ महिनाको अवधिलाई लिइएको छ भने सन्दर्भ दिन भन्नाले गणना भएको दिनलाई मानिएको छ । सन्दर्भ वर्षभन्दा पहिले बाली लगाएर सन्दर्भ वर्षभित्र उत्पादन लिएको अवस्थामा सो बालीको लागि सन्दर्भ वर्षभन्दा पहिले भएका खर्चहरू पनि सन्दर्भ वर्षभित्र भएको मानी खर्चलगायतका विवरण समावेश गर्नुपर्दछ । सन्दर्भ वर्षभित्र बाली लगाएको तर उत्पादन लिइनसकेको भए सो तरकारी बालीको खर्चलगायतका विवरण समावेश गर्नुपर्दैन । प्रश्नावली अन्तर्गत संकलन गरिने

विभिन्न विवरणहरूको सन्दर्भ अवधि साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही खास कुरामा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नुपर्नेछ । जस्तैः स्थायी कामदारको संख्या, कृषि ऋण, व्यावसायिक भवनको प्रयोग आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी विवरण संकलन गरिन्छ भने व्यवसायले गरेको चालू तथा पूँजीगत खर्च, अस्थायी कामदार संख्या, तरकारी उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी विवरण संकलन गरिएको थियो ।

**गोपनीयताको प्रत्याभूतिः** सर्वेक्षणबाट प्राप्त विवरण तथ्याङ्क ऐन, २०७९ को दफा १० अनुसार गोप्य रहनेछन् र सामसहिक रूपमा मात्र प्रकाशित गरिने छन् । सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ । कुनै पनि तरकारी खेती गर्ने फर्म/व्यवसायको विवरण व्यक्तिगत रूपमा देखिने गरी प्रकाशनमा ल्याइने छैन र सामूहिक रूपमा तथ्याङ्कीय प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

**सङ्कलित तथ्याङ्कको संक्षिप्त विवरणः** यस सर्वेक्षणका लागि तथ्याङ्क समन्वय कार्यालय बागलुङ अन्तर्गत जम्मा ४ वटा जिल्ला (बागलुङ, पर्वत, स्याङ्जा र मुस्ताङ) मा नमुना छनौट परेको थियो। स्थलगत तथ्याङ्क सङ्कलनको लागि कार्यलयका नियमित कर्मचारी राष्ट्रिय आर्थिक गणना २०८२ मा खटिएकाले करार जनशक्तिबाट सम्पन्न गरिएको थियो। जिल्लागत सङ्कलन गरिएका फारामहरुको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

*तालिका ४: व्यावसायिक तरकारी बाली सर्वेक्षणमा गणना गरिएका फर्महरुको विवरण*

| क्र स | जिल्ला | केन्द्रबाट प्राप्त नमुना संख्या | गणना गरिएका जम्मा फाराम संख्या | वन्द वा सन्चालनमा नरहेका मध्ये replace गर्न नमिलेका फर्म संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागलुङ | २६ | २३ | ३ | |
| २ | पर्वत | ३६ | २८ | ८ | |
| ३ | स्याङ्जा | १ | १ | ० | |
| ४ | मुस्ताङ | ४ | ४ | ० | |
| **जम्मा** | | **६७** | **५६** | **११** | |

**समस्या तथा चुनौतिहरुः** प्रत्येक गणना तथा सर्वेक्षणका आ आफ्नै समस्या तथा चुनौतिहरु हुन्छन्। व्यवसायिक तरकारी बाली सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको क्रममा भोग्नुपरेका मुख्य समस्याहरु देहायबमोजिम रहेका छन्।

- कृषक तथा फर्मको स्पष्ट ठेगाना र फोन नम्वर नभएकाले फर्म पहिचान गर्न कठिन हुनु।
- प्राय कृषकहरु खेतीपातिमा नै व्यस्त भईरहने हुनाले घर वा ठेगाना फेला परेपनि कृषकसँग प्रत्यक्ष भेट्न कठिन हुनु।
- सूचीकरणबाट छनौट भएका कृषकहरु मध्ये धेरै जसो कृषकहरुले अनुदान वा अन्य प्रयोजनको लागि मात्र फर्म दर्ता गरेको र हाल कृषि कार्य नगरेको पाईएकोले धेरै ठाउँमा फर्म replace गर्नु परेको।
- नमुना छनौटमा परेका केही फर्महरु भौगोलिक रुपले विकट ठाउँमा परेकोले त्यहाँसम्म पुग्नलाई कठिनाई भएको।
- कृषकहरुलाई प्रत्येक बालीको कित्ता अनुसारको विवरण उपलब्ध गराउन धेरै नै कठिन भएको।

# परिच्छेद ४: भौतिक तथा वित्तिय प्रगति

## ४.१ भौतिक प्रगति

आर्थिक वर्ष २०८२/८३ मा तथ्याङ्क समन्वय कार्यालय बागलुङलाई प्राप्त भएका नियमित कार्यक्रमतर्फ सम्पूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन्। त्यस्तै अन्य कार्यक्रम तर्फ व्यवसायिक तरकारी बाली सर्वेक्षण, स्थलगत यातायात सर्वेक्षण, निजी स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षण, आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क सङ्कलन, स्थानिय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् । तथ्याङ्क समन्वय कार्यालय बागलुङको भौतिक प्रगति तल तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ५: आ. व २०८२।८३ मा सम्पादन गरेका कार्यक्रमहरुको वार्षिक लक्ष्य र प्रगतिको विवरण*

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप नंम्बर | एकाई | भौतिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | | | वार्षिक लक्ष्य | प्रगति | वार्षिक प्रगति % |
| १ | कार्यालय संचालनका लागि आवश्यक मेशिनरी खरिद (एसि कुलर इलभटर पंखा आदि) | ११.३.७.१०४ | प्रतिशत | १ | १ | १०० |
| २ | फर्निचर तथा फिक्चर्स | ११.६.१३.१९ | वटा | ५ | ५ | १०० |
| ३ | कार्यालय भवन रंगरोगन, मर्मत, पार्टेशन, वायरिङ तथा सुधार | ११.१.३.२ | पटक | १ | १ | १०० |
| ४ | दुइ पांग्रे सवारी साधन खरिद | ११.३.२.५४ | वटा | १ | १ | १०० |
| | **पूँजीगततर्फको जम्मा** | | | **८** | **८** | **१००** |
| १ | रा.प.द्वितीय | १.१.१.४ | जना | १ | १ | १०० |
| २ | रा.प. तृतीय | १.१.१.५ | जना | २ | २ | १०० |
| ३ | रा.प.अनं. प्रथम | १.१.१.६ | जना | ५ | ३ | ६० |
| ४ | रा.प.अनं. द्वितीय | १.१.१.७ | जना | ६ | ४ | ६७ |
| ५ | स्थायी कर्मचारीको महंगी भत्ता | १.२.२.१ | जना | १४ | ९ | ६४ |
| ६ | प्रसुती स्याहार भत्ता | १.२.८.१ | जना | ३ | ० | ० |
| ७ | बैठक भत्ता | १.२.९.३ | जना | ३ | ० | ० |
| ८ | पालेपहरा भत्ता | १.२.१०.१ | जना | १ | १ | १०० |
| ९ | दशैतिहार जस्ता पर्वहरुमा पालेपहरा भत्ता | १.२.१०.२ | जना | १ | १ | १०० |
| १० | निजामति कर्मचारीहरुको पोशाक खर्च | १.३.१.१ | जना | १४ | ९ | ६४ |
| ११ | टेलिफोन महशुल | २.१.६.११ | युनिट | ३० | ३० | १०० |
| १२ | इमेल/इन्टरनेट/वेबसाइट महशुल | २.१.७.११ | युनिट | ४० | ४० | १०० |
| १३ | हुलाक/कुरियर खर्च | २.१.९.८ | प्रतिशत | १०० | ६० | ६० |

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप नंम्बर | एकाई | भौतिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | | | वार्षिक लक्ष्य | प्रगति | वार्षिक प्रगति % |
| १४ | मोबिल | २.२.२.४ | लीटर | ७२ | ० | ० |
| १५ | कार्यालय प्रयोजनार्थ दुई पाङ्ग्रे/चार पाङ्ग्रे सवारी साधनको लागि इन्धन | २.२.२.३८ | लीटर | ४४१ | २८९ | ६५ |
| १६ | मसलन्द तथा कार्यालय सामग्री | २.४.१.९१ | पटक | १२ | १२ | १०० |
| १७ | सवारी साधन मर्मत तथा सर्भिसिङ | २.३.१.९ | वटा | २ | ३ | १५० |
| १८ | मेशिनरी तथा औजार मर्मत संभार तथा संचालन खर्च | २.३.२.२१ | पटक | १२ | १२ | १०० |
| १९ | करार सेवाका कर्मचारीका लागि पोशाक खर्च | २.५.७.६ | जना | २ | २ | १०० |
| २० | कार्यालय सहयोगी | २.५.७.२२ | जना | २ | २ | १०० |
| २१ | शौचालय सरसफाई गर्ने व्यक्ति करार | २.५.७.२५ | जना | १ | ० | ० |
| २२ | हलुका सवारी चालक | २.५.८.४ | जना | १ | ० | ० |
| २३ | करारका कर्मचारीका लागि चाडबाड खर्च | २.५.८.७ | जना | २ | २ | १०० |
| २४ | कर्मचारीको योगदानमा आधारित निवृतभरण खर्च | १.६.२.१ | जना | ४ | ४ | १०० |
| २५ | धाराको महशुल | २.१.१.१ | पटक | १२ | १२ | १०० |
| २६ | विद्युत महशुल | २.१.२.९ | युनिट | ५०० | ५०० | १०० |
| २७ | जारको पिउने पानी | २.१.३.१५ | जार | १२९ | १२९ | १०० |
| २८ | कार्यालय संचालनको लागि घरभाडा | ८.१.३.१५ | पटक | १ | १ | १०० |
| २९ | अनुगमन मूल्यांकन र भ्रमण खर्च | २.८.१.७ | पटक | १० | ११ | ११० |
| ३० | कर्मचारी सरुवा भ्रमण खर्च | २.८.२.१३ | जना | ६ | ३ | ५० |
| ३१ | स्वागत तथा अतिथि सत्कार अन्य | २.९.८.२३ | प्रतिशत | १०० | १०० | १०० |
| ३२ | अन्य विविध खर्च अन्य | २.९.९.२३ | प्रतिशत | १०० | १०० | १०० |
| ३३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | १.६.४.१ | जना | १४ | ११ | ७९ |
| ३४ | सवारी साधन बीमा नविकरण | २.९.२.१३ | प्रतिशत | ४ | ३ | ७५ |
| ३५ | त्रैमासिक औद्योगिक उत्पादन तथा मूल्य सूचकाङ्कको लागि तथ्याङ्कक संकलन तथा सुपरिवेषण कार्य | २.७.२५.८३५ | प्रतिशत | १०० | १०० | १०० |
| ३६ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तंथ्याङ्क संकलन (नियमित तथा नयाँसमेत) तथा सुवरीवेक्षण कार्य | २.७.२५.८३६ | प्रतिशत | १०० | १०० | १०० |
| ३७ | कृषि क्षेत्रको सर्वेक्षणको लागि तंथ्याङ्क संकलन (नियमित तथा नयाँसमेत) तथा सुवरीवेक्षण कार्य | २.७.२५.८३७ | प्रतिशत | १०० | १०० | १०० |
| ३८ | कृषि उपजहरूको उत्पादक मूल्य संकलनमा सहजिकरणको लागि अगुवा कृषकहरुलाइ प्रोत्साहन /यातायात खर्च | २.७.२५.८३८ | पटक | ४ | ४ | १०० |

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप नंम्बर | एकाई | भौतिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | | | वार्षिक लक्ष्य | प्रगति | वार्षिक प्रगति % |
| ३९ | त्रैमासिक राष्ट्रिष लेखा तंथ्याङ्क संकलन र अनुगमन तथा सुपरीवेक्षण | २.७.२५.३९ | प्रतिशत | १०० | १०० | १०० |
| ४० | वार्षिक राष्ट्रिष लेखा तंथ्याङ्क संकलन तथा प्रादेशिक राष्ट्रिष लेखा तंथ्याङ्क संकलन र अनुगमन तथा सुपरीवेक्षण | २.७.२५.८४० | प्रतिशत | १०० | १०० | १०० |
| ४१ | सुचिकरण कार्यको स्थलगत तथ्याङ्क संकलन तथा अनुगमन तथा सुपरीवेक्षण कार्य | २.७.२५.८४४ | प्रतिशत | १०० | १०० | १०० |
| ४२ | स्थलगत मूल तथ्याङ्क संकलन संकलन कार्यको लागि करार जनशक्ति (२ महिनाको लागि) | २.७.२५.८४५ | जना | २ | १ | ५० |
| ४३ | मुख्य फिल्ड कार्य तथा सुपरीवेक्षण | २.७.२५.८४६ | प्रतिशत | १०० | १०० | १०० |
| ४४ | तथ्यांक संकलन अनुगमन तथा सुपरीवेक्षण | २.७.२५.८५६ | प्रतिशत | १०० | १०० | १०० |
| ४५ | तथ्यांक प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम | २.६.६.१८ | पटक | १ | ० | ० |
| ४६ | आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरीवेक्षण | २.७.२५.८५८ | प्रतिशत | १०० | ० | ० |
| ४७ | तथ्याङ्क दिवस मनाउने | २.७.२५.८५९ | पटक | १ | १ | १०० |
| ४८ | वार्षिक प्रगति प्रतिवेदन (विधुतीय प्रति ) तयारी छलफल | २.७.२५.८६० | पटक | ४ | ४ | १०० |
| ४९ | स्थानिय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | २.७.२५.९१० | स्थानीय निकाय | ५ | ३ | ६० |
| ५० | पालिका प्रोफाइल (विधुतीय प्रति ) तयारीको लागि तंथ्याङंक संकलन र सुपरीवेक्षण | २.७.२५.९१२ | स्थानीय निकाय | २ | ० | ० |
| ५१ | तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य) | २.७.२५.९१३ | प्रतिशत | १०० | ० | ० |
| ५२ | स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण अद्यावधिक कार्यको अनुगमन | २.७.२५.८४६ | स्थानीय निकाय | १६ | ६ | ३८ |
| ५३ | सदरमुकाम र ६ कोष भित्र (क वर्ग) | १.२.१.१ | केन्द्र जिल्ला | १० | १० | १०० |
| | **चालु तर्फको जम्मा** | | | **२६९२** | **२१८५** | **८१.१४** |
| | **कुल जम्मा** | | | **२७००** | **२१९३** | **८१.२०** |

यसरी तथ्याङ्क समन्वय कार्यालय बागलुङको आ व २०८२।८३ को पूँजीगततर्फ १०० प्रतिशत र चालुतर्फ ८१. १४ प्रतिशत भौतिक प्रगति भएको छ। समग्रमा चालु र पुँजीगत गरी कुल भौतिक प्रगति ८१.२० प्रतिशत रहेको छ।

## ४.२ वित्तिय प्रगति

तथ्याङ्क समन्वय कार्यालय बागलुङको आ व २०८२।८३ को पूँजीगततर्फ ९२.१५ प्रतिशत र चालुतर्फ ५४. ५७ प्रतिशत वित्तिय प्रगति भएको छ। समग्रमा चालु र पुँजीगत गरी कुल वित्तिय प्रगति ५६.३२ प्रतिशत रहेको छ।

*तालिका ६: आ. व २०८२।८३ को वार्षिक वित्तिय प्रगतिको विवरण*

बजेट रु हजारमा

| विवरण | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १६१५३.०० | ८८१४.८९ | ५४.५७ |
| पूँजीगत | ७८८.०० | ७२६.१५ | ९२.१५ |
| **जम्मा** | **१६९४१.००** | **९५४१.०५** | **५६.३२** |

# परिच्छेद ५: राष्ट्रिय आर्थिक गणना, २०८२

## ५.१ पृष्ठभूमि

कुनै प्रशासनिक सिमानाभित्र कुनै निश्चित स्थानमा अवस्थित वा सञ्चालित वस्तु उत्पादन गरी बिक्री गर्ने वा सेवा प्रदान गर्ने क्रियाकलाप सञ्चालन गर्ने प्रतिष्ठानहरूको निर्धारित समयावधि भित्रको विवरण सङ्कलनदेखि तथ्याङ्क उत्पादन तथा वितरणसम्मको क्रियाकलाप आर्थिक गणना हो। मूलतः आर्थिक गणना व्यवसाय, उद्योग, कलकारखाना, सङ्गसंस्था र अन्य प्रतिष्ठानहरूको आर्थिक क्रियाकलापसँग सम्बन्धित विवरण समेटिने गरी गरिने गणना हो। यो व्यापक रूपमा राष्ट्रको आर्थिक क्रियाकलापसम्बन्धी संरचना, वितरण तथा उपलब्धि मापनका लागि आधारभूत तथ्याङ्क उत्पादन गर्ने प्रयोजनका लागि सञ्चालन गरिन्छ। समग्रमा, यो गणना आर्थिक सूचकहरूको लागि मेरूदण्डको रूपमा लिने गरिन्छ।

विभिन्न मुलुकले आधिकारिक आर्थिक तथ्याङ्कको जगको रूपमा आर्थिक गणना सञ्चालन गर्दै आएका छन्। प्रथमपटक सन् १९५४ मा अमेरिकाले, १९७७ मा भारतले र २००४ मा चीनले आर्थिक गणना सम्पन्न गरेका दृष्टान्त रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालय (तत्कालिन केन्द्रीय तथ्याङ्क विभाग) ले देशभर सञ्चालित भएका आर्थिक क्रियाकलापको नियमित र गुणस्तरीय तथ्याङ्क प्राप्त गर्ने तथा आधारभूत आर्थिक तथ्याङ्कको पद्धति विकासका लागि यससँग सम्बन्धित क्रियाकलाप विगतदेखि सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा, नेपालस्तरीय औद्योगिक वर्गीकरण (Nepal Standard Industrial Classification-NSIC) मा उल्लिखित २१ मध्ये १८ वटा खण्डका आर्थिक एकाइहरू एकैपटक समेटिने गरी वि.सं. २०७५ मा नेपालले प्रथमपटक आर्थिक गणना सम्पन्न गरेको थियो।

## ५.२ नेपालमा आर्थिक गणनाको संक्षिप्त इतिहास

विक्रम सम्वत् २०७५ वैशाख १ गतेदेखि २०७५ जेठ ३१ गतेसम्म नेपालभर प्रथम राष्ट्रिय आर्थिक गणना, २०७५ को स्थलगत तथ्याङ्क सङ्कलनको कार्य गरिएको थियो। विविध आर्थिक क्रियाकलाप सञ्चालन गर्ने आर्थिक एकाइहरूको आधारभूत तथ्याङ्कीय स्रोतको रूपमा यो आर्थिक गणनालाई लिइएको छ। राष्ट्रिय आर्थिक गणना, २०७५ को स्थलगत कार्यमा सूचीकरण फाराम (फाराम A) र मुख्य प्रश्नावली फाराम (फाराम B) गरी दुई प्रकारका प्रश्नावलीहरू प्रयोग गरिएको थियो। प्रश्नावली सम्बन्धी निर्देशिकाहरू, नेपाल स्तरीय औद्योगिक वर्गीकरण संक्षिप्त निर्देशिका, सुपरिवेक्षक निर्देशिका, अधिकृत निर्देशिका र अन्य सान्दर्भिक निर्देशिकाहरू आर्थिक गणनाको तथ्याङ्क सङ्कलन र गणना व्यवस्थापनमा प्रयोग भएका मुख्य गणना सामग्री हुन्।

आर्थिक गणनाको सूचीकरणबाट प्रतिष्ठानको सामान्य विवरणहरू जस्तैः नाम, ठेगाना, संलग्न जनशक्ति र इ-सेन्ससमा भाग लिन चाहने र प्रश्नावली भर्ने क्रममा उत्तरदातासँग पहिलो र अन्तिम भेट गरेको मिति आदि विवरणहरू सङ्कलन गरिएको थियो।

उक्त आर्थिक गणनाको मुख्य प्रश्नावलीबाट नेपालमा सञ्चालनमा रहेका सबै आर्थिक एकाइहरू (प्रतिष्ठान/व्यवसाय) को ठेगाना, दर्ता तथा स्वामित्व स्थिति, व्यवसाय सञ्चालन अवधि, व्यवसायको प्रकार, व्यवसायको शाखा उपशाखाको स्थिति, मुख्य आर्थिक क्रियाकलाप, रोजगारी स्थिति, आम्दानी-खर्च, पुँजी लगानी, ऋणमा पहुँच आदि विवरण सङ्कलन गरिएको थियो।

राष्ट्रिय आर्थिक गणना, २०७५ को नतिजाअनुसार नेपालमा सञ्चालित प्रतिष्ठानहरूको कुल सङ्ख्या ९,२३,३५६ रहेको छ। यसमध्ये दर्ता भएका ५०.१ प्रतिशत र दर्ता नभएका ४९.९ प्रतिशत प्रतिष्ठान सञ्चालनमा रहेको थिए भने प्रतिष्ठानमा सक्रिय रूपमा संलग्न जनशक्ति ३२,२८,४५७ रहेको छ। जसमध्ये पुरुष २०,१२,२३७ (६२.३%) र महिला १२,१६,२२० (३७.७ %) रहेका छन्।

## ५.३ राष्ट्रिय आर्थिक गणना, २०८२

नेपालमा दोस्रो राष्ट्रिय आर्थिक गणना आ.व. २०८२/८३ मा सञ्चालन हुँदैछ। यो गणना जनगणना, कृषिगणना जस्तै आवधिक रूपमा सम्पन्न गरिने देशव्यापी कार्यक्रम हो। राष्ट्रिय तथ्याङ्क परिषद्बाट पारित तथ्याङ्कीय पात्रो, तथ्याङ्क प्रणाली विकासका लागि राष्ट्रिय रणनीति (दोस्रो) जस्ता दस्तावेज र आर्थिक गणनाको लागि गठित निर्देशक समितिको बैठकका निर्णयानुसार नेपालमा हरेक ५-५ वर्षमा राष्ट्रिय आर्थिक गणना सञ्चालन गरिने लक्ष्य लिइएको छ। यस गणनाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास लक्ष्यको प्रगति मापन लागि आवश्यक पर्ने आधारभूत आर्थिक तथ्याङ्क प्राप्त हुनेछ। तपाईंले उपलब्ध गराउनुभएको तेस्रो तस्बिरमा रहेको पाठ यहाँ उतारिएको छः देशव्यापी रूपमा निश्चित समयावधिभित्र प्रत्येक आर्थिक एकाइ वा प्रतिष्ठान/व्यवसायमा पुगी विवरण सङ्कलन गर्नु आर्थिक गणनाको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। आर्थिक गणना कार्य मूलतः प्राविधिक तथा व्यवस्थापकीय दृष्टिले गणनापूर्व, मुख्य गणनाको समय र गणनापश्चात् गरी तीन चरणमा सम्पन्न गरिन्छ। आर्थिक गणनाका प्रत्येक चरण एक अर्कामा अन्तरसम्बन्धित हुने र हरेक चरणअन्तर्गत विभिन्न क्रियाकलापहरू सञ्चालन हुने भएकोले यो कार्यको लागि पर्याप्त स्रोत, साधन र जनशक्तिको आवश्यकता पर्दछ। स्रोत, साधन र जनशक्तिको उचित परिचालन तथा कुशल व्यवस्थापनबाट नै आर्थिक गणनालाई राष्ट्रव्यापी रूपमा निर्धारित समय भित्र सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ।

राष्ट्रिय आर्थिक गणना, २०८२ देशव्यापी रूपमा एउटै अवधारणा, मापदण्ड, परिभाषा, वर्गीकरण र विधिबाट सम्पन्न गर्नुपर्ने बृहत् प्राविधिक एवं व्यवस्थापकीय तथ्याङ्कीय कार्य भएकोले यसको पूर्वतयारीदेखि नतिजा विश्लेषण र प्रकाशन सम्मका क्रियाकलापहरू तोकिएकै समयमा सम्पन्न गर्नुपर्दछ।

यस सन्दर्भमा "राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड २०८२" नेपाल सरकारबाट स्वीकृत भई लागू गरिएको छ।

## ५.४ राष्ट्रिय आर्थिक गणनाका उद्देश्य

राष्ट्रिय आर्थिक गणना, २०८२ का प्रमुख उद्देश्यहरू निम्नबमोजिम रहेका छन्;

१. नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने,

२. प्रतिष्ठानहरूको विद्यमान सङ्ख्या, अर्थतन्त्रका क्षेत्रगत संरचना, आकार र वितरण सम्बन्धी तथ्याङ्क उत्पादन गर्ने,

३. कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानको सुदृढीकरणका लागि आधारभूत तथ्याङ्क उत्पादन गर्ने,

४. राष्ट्रिय लेखा अनुमानका आधार वर्ष परिवर्तनका लागि आवश्यक आधारभूत तथ्याङ्क उत्पादन गर्ने,

५. आर्थिक तथ्याङ्क प्राप्त गर्न सञ्चालन गरिने सबै प्रकारका सर्वेक्षणका लागि आधारभूत नमुना छनौट फ्रेम तयारी गर्ने, र

६. तथ्याङ्कीय व्यावसायिक रजिस्टर निर्माण तथा यसलाई अद्यावधिक गर्नको लागि आधार तयार गर्ने।

## ५.५राष्ट्रिय आर्थिक गणनाको आवश्यकता र महत्त्व

आर्थिक गणनाको आवश्यकता र महत्त्वलाई देहायका बुँदामा उल्लेख गरिएको छः

- नियमित रूपमा अनुमान गरिने कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखाका अन्य अनुमानलाई समयसापेक्ष सुदृढीकरण गर्ने तथा राष्ट्रिय लेखा अनुमानको आधार वर्ष परिवर्तनको लागि विश्वसनीय तथ्याङ्कको उत्पादन मूल रूपमा आर्थिक गणनाबाट प्राप्त गरिने हुँदा आर्थिक गणनाको अनिवार्यतालाई बोध गराउँदछ ।
- आर्थिक गणनाले सामान्यतः आर्थिक तथ्याङ्कसँग सम्बन्धित विषयगत तथ्याङ्कीय सर्वेक्षणहरू सञ्चालन गर्नका लागि तथ्याङ्कीय स्याम्पल फ्रेम उपलब्ध गराउँदछ भने अन्तर्राष्ट्रिय स्तरीय औद्योगिक वर्गीकरणमा उल्लिखित विविध आर्थिक क्रियाकलापका क्षेत्रहरू जस्तैः कृषि, खानी, औद्योगिक उत्पादन, थोक तथा खुद्रा व्यापार, स्वास्थ्य, शिक्षा आदिसम्बन्धी सानादेखि ठुला प्रतिष्ठानहरूको सङ्ख्या, रोजगारी (संलग्न जनशक्ति), आयव्यय, भोग्नुपरेका समस्या र सुझाव लगायत अन्य आर्थिक विवरण प्राप्त हुनेछ ।

- प्रतिष्ठानमा आधारित आर्थिक क्रियाकलापहरू सङ्कलन गर्न, आर्थिक संरचनाको स्थिति पहिचान गर्न र उपयुक्त आर्थिक नीति तथा कार्यक्रम तर्जुमा गर्नका लागि आर्थिक तथ्याङ्कको आवश्यकता रहेको हुन्छ । देशको आर्थिक क्रियाकलापको स्थितिको मूल्याङ्कन उपलब्ध आर्थिक तथ्याङ्कको गुणस्तर र सान्दर्भिकतामा भर पर्दछ ।
- आर्थिक तथ्याङ्क गतिशील प्रकृतिको हुने भएकोले समय परिस्थितिसँगै अर्थतन्त्रको संरचना र विशेषतावारे जानकारी हासिल गर्न विविध आर्थिक क्रियाकलापहरू सञ्चालन गर्ने आर्थिक प्रतिष्ठानहरूको निश्चित समय अन्तरालमा नियमित ढंगले आर्थिक गणना सञ्चालन गर्नु अपरिहार्य हुन्छ ।
- तथ्याङ्कीय व्यावसायिक रजिस्टर (Statistical Business Register -SBR) सुदृढीकरणको आधिकारिकता सुनिश्चित गर्न तथा अद्यावधिक प्रणालीलाई थप व्यवस्थित र सुदृढ बनाउन यस गणनाले सहयोग गर्दछ ।
- १६औँ योजनामा अनौपचारिक प्रतिष्ठानमा रहेको रोजगारी प्रतिशत ६२.२% न्यूनीकरण गरी ४०% मा झार्ने र कारोबारको लेखा राख्ने प्रतिष्ठानहरूको प्रतिशत ४७.६% बाट ८८% मा वृद्धि गर्ने लक्ष्यको मापन गर्नका लागि यो गणना उपयोगी हुन्छ । यसका साथै दिगो विकासका सूचकहरूको मूल्याङ्कन गर्न समेत यो गणनाका नतिजाहरू उपयोगी हुन्छन् ।

मूलतः यस्तो गणना ५-५ वर्षको अन्तरालमा गरिने अन्तर्राष्ट्रिय अभ्यास रहेको छ । नेपाल सरकारले जारी गरेका ऐन, नियम, रणनीति जस्ता नीतिगत दस्तावेजमा उल्लेख गरिएका तथ्याङ्कीय क्रियाकलापको निरन्तरतामा समेत यो गणनाको महत्त्व रहन्छ । प्रथम राष्ट्रिय आर्थिक गणनाको निर्देशक समितिको बैठकबाट भएको निर्णयबमोजिम प्रत्येक ५-५ वर्षमा आर्थिक गणना सञ्चालन गर्ने परिपाटीलाई संस्थागत गर्न र उक्त अन्तरालमा गरिने आर्थिक गणनाबाट तुलनायोग्य तथ्याङ्क उपलब्ध गराउन समेत मद्दत पुग्दछ।

## ५.६ गणना विधि

राष्ट्रिय आर्थिक गणना, २०८२ मा गणक तथा सुपरिवेक्षकले देशभर सञ्चालनमा रहेका प्रतिष्ठान/व्यवसायको सञ्चालन स्थलमै भौतिक रूपमा उपस्थित भई निर्धारित प्रश्नावलीमार्फत विवरण सङ्कलन गरिएको थियो। यसै गरी इच्छुक प्रतिष्ठान/व्यवसायले इ-सेन्सस (इन्टरनेट) को माध्यमबाट पनि आफ्ना विवरणहरू उपलब्ध गराएका छन्। यस गणनामा प्रतिष्ठान/व्यवसायको विवरण सङ्कलनको लागि निम्न दुई विधिहरू अवलम्बन गरिएको छ।

### क) कागजी प्रश्नावलीमार्फत विवरण सङ्कलन

वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म गणकमार्फत प्रतिष्ठान रहेको स्थानमा पुगी कागजी प्रश्नावलीको माध्यमबाट विवरण सङ्कलन गरिएको छ। यस क्रममा प्रतिष्ठानको धनी, प्रबन्धक, व्यवस्थापक वा निजले तोकेको प्रतिनिधिसँग प्रत्यक्ष अन्तर्वार्ता गरी विवरण भरिन्छ।

### ख) इ-सेन्ससमार्फत (e-Census)

वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ असार ७ गतेसम्म स्थलगत तथ्याङ्क सङ्कलन गर्ने कार्य रहे तापनि इ-सेन्सस वा अनलाइनमार्फत भने वि.सं. २०८३ वैशाख २ गतेदेखि २०८३ जेठ मसान्तसम्म विवरण सङ्कलन गरिएको थियो।

## ५.७ मुख्य विषयवस्तु तथा कार्यसम्पादन समिक्षा

राष्ट्रिय आर्थिक गणना देशभित्र सन्चालनमा रहेका आर्थिक ईकाइहरु (उद्योग, व्यवसाय, प्रतिष्ठान) हरुको तथ्याङ्क सङ्कलन, प्रशोधन तथा नतिजा प्रकाशन गर्ने महत्वपूर्ण राष्ट्रिय अभियान हो। यस गणनाले जिल्लाभित्र सञ्चालित आर्थिक एकाइहरूको संख्या, प्रकृति, स्वामित्व, रोजगारी, पुँजी, कारोबार तथा अन्य आर्थिक पक्षहरूको अवस्था पहिचान गर्न सहयोग पुऱ्याउँछ। यसै उद्देश्यका लागि बागलुङ जिल्लामा जिल्ला आर्थिक गणना कार्यालय स्थापना गरी गणना सम्बन्धी कार्य सञ्चालन गरिएको हो।

१. **सँगठन, जनशक्ति तथा क्षमता अभिवृद्धिः** आर्थिक गणना २०८२ लाई जिल्लास्तरमा व्यवस्थित, प्रभावकारी र समयमै सम्पन्न गर्नका लागि सँगठनात्मक संरचना, जनशक्ति व्यवस्थापन तथा क्षमता अभिवृद्धि महत्वपूर्ण पक्षका रूपमा रहेका थिए। गणना कार्य सञ्चालन गर्नुअघि केन्द्रीयस्तरबाट जिल्ला आर्थिक गणना अधिकारी तथा सहायकस्तरका कर्मचारीहरूलाई तालिम प्रदान गरिएको थियो। उक्त तालिमले आर्थिक गणनाको उद्देश्य, कार्यक्षेत्र, गणना विधि, प्रश्नावली भर्ने तरिका, मोबाइल एप/प्रविधिको प्रयोग, सुपरिवेक्षण तथा प्रतिवेदन प्रणालीबारे स्पष्ट ज्ञान प्रदान गरेको थियो। तालिमबाट प्राप्त सिकाइले जिल्लास्तरमा तालिम सञ्चालन, कार्यालय व्यवस्थापन र गणना कार्यको समन्वयमा सहजता ल्याएको देखिन्छ।

   जिल्ला आर्थिक गणना कार्यालय बागलुङ मिति २०८२ चैत्र १ गते देखि स्थापना गरी सञ्चालनमा ल्याइएको थियो। कार्यालय तथ्याङ्क समन्वय कार्यालय बागलुङ रहेकै भवनमा अवस्थित थियो। कार्यालय सञ्चालनका लागि आवश्यक फर्निचर, कम्प्युटर, इन्टरनेट, प्रिन्टर, स्टेशनरी तथा अन्य प्रशासनिक सामग्रीहरूको व्यवस्थापन कार्य तथ्याङ्क समन्वय कार्यालय, बागलुङबाटै गरिएको थियो।

उपलब्ध भौतिक तथा प्राविधिक स्रोत साधनका आधारमा कार्यालय सञ्चालन सन्तोषजनक रहेको थियो।

गणना कार्यलाई प्रभावकारी बनाउन जिल्लामा ७ जनाको व्यवस्थापन समूहको स्वीकृत दरवन्दी प्राप्त भएको थियो। व्यवस्थापन समूहले कार्यालय सञ्चालन, सामग्री व्यवस्थापन, तालिम समन्वय, दैनिक प्रगति अनुगमन तथा प्रशासनिक कार्यहरू सम्पादन गरेको थियो। गणना समूहअन्तर्गत गणक तथा सुपरिवेक्षकहरू परिचालन गरिएको थियो। जिल्लामा जम्मा ३३ जना गणक र ५ जना सुपरिवेक्षक खटाइएको थियो। गणक तथा सुपरिवेक्षकहरूको कार्यक्षेत्र स्थानीय तह/वडा तथा प्रतिष्ठानको अनुमानित सङ्ख्याका आधारमा बाँडफाँड गरिएको थियो। कार्य बाँडफाँड गर्दा भौगोलिक अवस्था, यातायात पहुँच, प्रतिष्ठानको घनत्व र जनशक्तिको उपलब्धतालाई ध्यान दिइएको थियो।

जिल्लामा प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद आचार्यको संयोजकत्वमा मिति २०८२ चैत्र ३ गते जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरी गणना कार्यमा आवश्यक समन्वय र सहजीकरण गरिएको थियो। समितिको सक्रियता तथा नियमित समन्वयका कारण गणना कार्यमा देखिएका स्थानीय तहका समस्या समाधान गर्न सहज भएको थियो। त्यसैगरी स्थानीय तह तथा वडा स्तरमा पनि समन्वय तथा सहजीकरणका लागि आवश्यक पहल गरिएको थियो। जिल्लाका प्रमुख शहरहरु: बागलुङ बजार, बुर्तिबाङ बजार तथा गल्कोट बजारमा उद्योगी व्यवसायीहरुको उपस्थितिमा आर्थिक गणना सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो। जिल्लामा प्रतिष्ठानहरूको अनुमानित सङ्ख्या ११ हजार ५ सय ७० रहेको थियो। सोही अनुमानका आधारमा गणक र सुपरिवेक्षकको संख्या निर्धारण तथा कार्यक्षेत्र विभाजन गरिएको थियो।

जनशक्ति व्यवस्थापनका क्रममा गणक तथा सुपरिवेक्षकहरूको योग्यता, अनुभव, स्थानीय भाषा/भूगोलको ज्ञान र प्रविधि प्रयोग गर्ने क्षमतालाई ध्यान दिइएको थियो। गणक तथा सुपरिवेक्षकहरुले तालिममा सक्रिय सहभागिता जनाई गणना कार्यमा आवश्यक दक्षता हासिल गरेका थिए। तथापि केही स्थानमा कार्यसम्पादनमा ढिलाइ हुने, मोबाइल एप प्रयोगमा कठिनाइ हुने र कार्यभार असन्तुलन हुने समस्या देखिएका थिए। यस्ता समस्याहरू समाधान गर्न नियमित सम्पर्क तथा सुपरिवेक्षकमार्फत अनुगमन गरिएको थियो।

जिल्ला तहमा गणक तथा सुपरिवेक्षकहरूका लागि मिति २०८२ चैत्र २६ देखि चैत्र ३० गतेसम्म २ वटा समूह विभाजन गरी तालिम सञ्चालन गरिएको थियो। उक्त तालिममा जम्मा ३३ जना गणक, ५ जना सुपरिवेक्षक तथा कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो। तालिममा आर्थिक गणनाको उद्देश्य, अवधारणा, प्रतिष्ठानको परिभाषा, प्रश्नावली, मोबाइल एपको प्रयोग, डेटा गुणस्तर, आचारसंहिता, उत्तरदातासँग व्यवहार गर्ने तरिका तथा फिल्ड अभ्याससम्बन्धी विषयहरू समेटिएका थिए। केन्द्र तथा जिल्लाबाट उपलब्ध स्रोत व्यक्तिहरूले प्रस्तुति, छलफल, अभ्यास तथा प्रश्नोत्तर विधिबाट तालिम सञ्चालन गरेका थिए। तालिमका क्रममा गणक तथा सुपरिवेक्षकहरूबाट प्रतिष्ठान पहिचान, दोहोरो गणना रोकथाम, अनलाइन प्रणाली, नेटवर्क समस्या, स्थानीय समन्वय र उत्तरदाताको सहयोगसम्बन्धी विषयहरू मुख्य रूपमा उठेका थिए।

समग्रमा, सँगठनात्मक संरचना, समन्वय संयन्त्र, तालिम तथा जनशक्ति परिचालनको व्यवस्था सन्तोषजनक रहेको पाइयो। केन्द्रीय तथा जिल्लास्तरको तालिमबाट गणना कार्यमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धि भएको थियो। स्थानीय तहसँगको समन्वयले गणना कार्यलाई सहज बनाएको थियो। तथापि आगामी गणनामा जनशक्ति छनोटलाई अझ व्यवस्थित बनाउने, तालिमलाई थप अभ्यासमुखी बनाउने, प्राविधिक समस्या समाधानका लागि तत्काल सहायता प्रणाली विकास गर्ने, इन्टरनेट पहुँच कमजोर भएका क्षेत्रमा वैकल्पिक व्यवस्था गर्ने र कार्यभार बाँडफाँडलाई अझ सन्तुलित बनाउने आवश्यकता देखिन्छ।

## २. स्रोतसाधन, बजेट तथा गणना सामग्री व्यवस्थापन

जिल्ला आर्थिक गणना कार्यालय, बागलुङबाट उपलब्ध स्रोतसाधन र बजेटको मितव्ययी तथा प्रभावकारी उपयोग गरी गणना कार्य सञ्चालन गरिएको थियो। बजेट कार्यालय सञ्चालन, तालिम, जनशक्ति परिचालन, यातायात तथा अनुगमनमा प्रयोग गरिएको थियो।

केन्द्रबाट प्राप्त सामाग्रीहरू समयमै प्राप्त भएको थियो साथै जिल्लाबाट व्यवस्थापन गरिने अन्य सामग्री समयमै व्यवस्थापन गरी गणक र सुपरिवेक्षकहरू लाई निर्धारित समयमा तालिम प्रदान गरि कार्यक्षेत्रअनुसार वितरण गरिएको थियो।
सीमित बजेट र दुर्गम क्षेत्रमा सामग्री पुऱ्याउने चुनौती भए पनि आवश्यक समन्वयमार्फत समस्या समाधान गरिएको थियो। आगामी दिनमा पर्याप्त बजेट, समयमै सामग्री आपूर्ति र डिजिटल अभिलेख प्रणाली अपनाउनु उपयुक्त देखिन्छ।

३. **प्रश्नावली, निर्देशिका तथा वर्गीकरणको व्यवहारिकता**

आर्थिक गणनामा प्रयोग भएका प्रश्नावली, निर्देशिका तथा वर्गीकरणहरू समग्रमा व्यवहारिक र उपयोगी देखिए। प्रश्नावलीले आर्थिक एकाइहरूको प्रकार, स्वामित्व, रोजगारी, कारोबार तथा अन्य आवश्यक विवरण सङ्कलन गर्न सहयोग पुऱ्यायो। निर्देशिकाले गणक तथा सुपरिवेक्षकलाई फाराम भर्ने तरिका, प्रश्नको अर्थ र गणना विधि बुझ्न सहज बनायो।

**गणना पुस्तिका, अधिकारी पुस्तिकाको अवस्थाः** पुस्तिकाको पर्याप्तता, व्याख्या र समेटिएका उदाहरणहरूको स्पष्टताले काममा धेरै हदसम्म सहयोग पुऱ्याएको थियो। तर, केही प्रश्न तथा वर्गीकरणहरू उत्तरदाताले तुरुन्त बुझ्न नसक्ने खालका भएकाले गणकले थप स्पष्ट पार्नुपर्ने अवस्था देखियो। साना व्यवसाय, मौसमी व्यवसाय तथा मिश्रित प्रकृतिका आर्थिक क्रियाकलाप वर्गीकरण गर्दा केही कठिनाइ उत्पन्न भयो। केन्द्रबाट व्यक्ति अनुसारको फरक फरक निर्देशन, प्रश्नावलीको बुझाईमा फरक फरक धारणाले गर्दा आगामी दिनमा प्रश्नावलीलाई अझ सरल, स्पष्ट र स्थानीय परिवेशअनुकूल बनाउन तथा तालिमलाई सैद्धान्तिक भन्दा व्यावहारिक अभ्यासमा जोड गर्नुपर्ने आवश्यक देखिन्छ।

४. **तथ्याङ्क सङ्कलन, गणना विधि र प्राविधिक पक्ष**

आर्थिक गणनामा तथ्याङ्क सङ्कलनका लागि सूचीकरण र मुख्य फाराम भर्ने प्रक्रिया अपनाइएको थियो। गणकहरूले तोकिएको गणना क्षेत्रमा गई आर्थिक एकाइहरूको पहिचान गरी आवश्यक विवरण सङ्कलन गरेका थिए। कागजी विधिका साथै इ-सेन्सस प्रणालीको प्रयोग गरी अनलाइन माध्यमबाट पनि विवरण प्रविष्टि गर्ने प्रयास गरिएको थियो।

इ-सेन्सस सञ्चालनले तथ्याङ्क सङ्कलनलाई छिटो, व्यवस्थित र प्रविधिमैत्री बनाउन सहयोग पुऱ्यायो। तर, कतिपय स्थानमा इन्टरनेटको समस्या, प्राविधिक ज्ञानको अभावका कारण अनलाइन प्रणाली पूर्ण रूपमा सहज हुन सकेन। यस्ता अवस्थामा कागजी फाराम प्रयोग गरी पछि विवरण मिलान तथा प्रविष्टि गर्ने व्यवस्था गरिएको थियो।

गणना क्षेत्र पहिचानका लागि तोकिएका वडा, बजार केन्द्र, बस्ती तथा व्यावसायिक क्षेत्रहरूलाई आधार बनाइएको थियो। गणनाक्षेत्र नक्शाको हार्डकपी तथा अनलाइन नक्शा प्रयोग गर्दा गणकहरूलाई आफ्नो कार्यक्षेत्र छुट्याउन र दोहोरो गणना वा छुट हुने सम्भावना कम गर्न सहयोग पुग्यो।

तथ्याङ्क सङ्कलनका लागि तोकिएको अवधि सामान्यतया पर्याप्त देखिए पनि दुर्गम क्षेत्र, मौसमी व्यवसाय र उत्तरदाता अनुपस्थित हुने अवस्थाका कारण केही स्थानमा समय व्यवस्थापन चुनौतीपूर्ण बन्यो। दैनिक गणना प्रतिवेदनमार्फत गणकहरूको प्रगति अनुगमन गरिएको थियो। यसले कामको अवस्था बुझ्न, समस्या पहिचान गर्न र आवश्यक निर्देशन दिन सहज बनायो।

समग्रमा तथ्याङ्क सङ्कलन, गणना विधि र प्राविधिक पक्षहरू प्रभावकारी रहेका थिए। कागजी विधि र इ-सेन्ससको संयुक्त प्रयोग, नक्शा तथा प्लसकोडको प्रयोग, दैनिक प्रतिवेदन र नियमित अनुगमनले गणना कार्यलाई व्यवस्थित बनाउन सहयोग पुऱ्यायो। आगामी दिनमा इ-सेन्सस प्रणालीलाई अझ सरल र स्थिर बनाउने, गणकहरूलाई प्राविधिक अभ्याससहितको तालिम दिने, इन्टरनेट पहुँच सुधार गर्ने, र प्लसकोड प्रयोगबारे थप अभिमुखीकरण गर्नुपर्ने देखिन्छ।

## ५. सुपरिवेक्षण, अनुगमन र समन्वय

आर्थिक गणनाको स्थलगत कार्यलाई गुणस्तरीय र व्यवस्थित बनाउन नियमित सुपरिवेक्षण तथा अनुगमन गरिएको थियो। गणक, सुपरिवेक्षक र व्यवस्थापन समूहका कर्मचारीहरुको संयुक्त Whatsapp group तथा सुपरिवेक्षक र व्यवस्थापन समूहका कर्मचारीहरुको अलग्गै Whatsapp group बनाई दैनिक समस्याहरुको पहिचान समस्याहरुको समाधान तथा समन्वय गरिएको थियो। गणकहरूले भरेका फाराम, सूचीकरणको अवस्था, छुटेका वा दोहोरिएका प्रतिष्ठान, तथा विवरणको शुद्धता परीक्षण गर्ने कार्य सुपरिवेक्षक र कार्यलयका कर्मचारीहरुमार्फत गरिएको थियो। साथै जिल्ला आर्थिक गणना कार्यालयबाट समेत स्थलगत अनुगमन गरी गणकहरूलाई पृष्ठपोषण एवं निर्देशन दिइएको थियो।

सुपरिवेक्षकहरूले गणकहरूलाई कार्यक्षेत्र स्पष्ट पार्ने, गणना विधि बुझाउने, फाराम परीक्षण गर्ने, त्रुटि सुधार गराउने र दैनिक प्रगति विवरण सङ्कलन गर्ने तथा आँफै पनि प्रश्नावली फाराम भरेर गणकलाई सहजता प्रदान गर्ने महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए। उनीहरूको सक्रियताले गणना कार्यमा देखिएका समस्या समयमै पहिचान गरी समाधान गर्न सहयोग पुऱ्यायो।

सम्पर्क र सञ्चार व्यवस्थापनका लागि केन्द्र, जिल्ला आर्थिक गणना कार्यालय, सुपरिवेक्षक र गणकहरूबीच नियमित सम्पर्क कायम गरिएको थियो। गणक तथा सुपरिवेक्षकहरूबाट आएका जिज्ञासा, अनुरोध र समस्या फोन, प्रत्यक्ष भेटघाट तथा अन्य सञ्चार माध्यमबाट समाधान गर्ने प्रयास गरिएको थियो। यसले गणना कार्यको निरन्तरता र समन्वयलाई प्रभावकारी बनायो।

गणना भइसकेका प्रतिष्ठान पहिचान गर्न प्रयोग गरिएको स्टिकर प्रभावकारी देखियो। स्टिकरले दोहोरो गणना हुनबाट बचाउन, गणना सम्पन्न भएको जानकारी दिन र अनुगमनका क्रममा प्रतिष्ठान पहिचान गर्न सहयोग पुऱ्यायो। तर, धेरै स्थानमा स्टिकर टाँस्ने स्थान, टिकाउपन र सबै प्रतिष्ठानमा यसको समान प्रयोगमा केही चुनौती देखियो।

समग्रमा सुपरिवेक्षण, अनुगमन र समन्वय व्यवस्था गणना कार्यलाई गुणस्तरीय बनाउन उपयोगी रह्यो। सुपरिवेक्षकहरूको सक्रिय भूमिका, नियमित सम्पर्क, दैनिक प्रगति समीक्षा र स्टिकरको प्रयोगले गणना कार्य व्यवस्थित बनाउन सहयोग गऱ्यो। आगामी दिनमा सुपरिवेक्षकलाई थप अधिकारसहित स्पष्ट जिम्मेवारी दिने, सञ्चार प्रणालीलाई अझ छिटो र अभिलेखयोग्य बनाउने, अनुगमन चेकलिस्ट प्रयोग गर्ने र स्टिकरको गुणस्तर तथा प्रयोग प्रक्रियालाई अझ प्रभावकारी बनाउनु आवश्यक देखिन्छ।

## ६. उत्तरदाताको व्यवहार, प्रचारप्रसार र असहयोग तथा गुनासो व्यवस्थापन

आर्थिक गणनाबारे स्थानीय तह, वडा कार्यालय, उद्योग वाणिज्य संघ, व्यवसायिक सँगठन तथा सञ्चार माध्यममार्फत प्रचारप्रसार गरिएको थियो। रेडियो, सूचना, स्थानीय बैठक तथा प्रत्यक्ष सम्पर्कले गणनाको उद्देश्य र महत्वबारे जनचेतना बढाउन सहयोग पुऱ्यायो।

तथ्याङ्क सङ्कलनका क्रममा अधिकांश व्यवसायी तथा प्रतिष्ठानका उत्तरदाताहरू सहयोगात्मक देखिए। गणकहरूले तथ्याङ्कको गोपनीयता र गणनाको उद्देश्य स्पष्ट पारेपछि विवरण दिन सहज भएको थियो। स्थानीय तह, उद्योग वाणिज्य संघ, संघ संस्था तथा सुरक्षा निकायबाट पनि आवश्यक सहयोग प्राप्त भयो।

केही प्रतिष्ठानहरूले कर वा अनुगमनसँग जोडेर बुझ्दा विवरण दिन हिचकिचाउने अवस्था देखियो। यस्ता अवस्थामा गणक, सुपरिवेक्षक, वडा कार्यालय र स्थानीय सरोकारवालाको समन्वयमा सम्झाइबुझाइ गरी विवरण सङ्कलन गरिएको थियो भने केही प्रतिष्ठानहरुमा कार्यालयका कर्मचारीहरु पुगेर आवश्यक समन्वय तथा सहजिकरण गरेपछि मात्र विवरण सङ्कलन गर्न सहज भएको थियो। केही प्रतिष्ठानहरू बन्द, स्थानान्तरण भएका वा मौसमी प्रकृतिका भएकाले पहिचानमा कठिनाइ देखियो।

प्रचारप्रसार र स्थानीय समन्वयले गणना कार्यमा उत्तरदाताको सहभागिता बढाउन सहयोग गऱ्यो। जिल्ला आर्थिक गणना कार्यालय स्थापना भएपछि २०८२ चैत्र ५ गते जिल्लामा क्रियाशिल पत्रकारहरुको मात्र सहभागीतामा अन्तरक्रिया कार्यक्रम सन्चालन गरिएको थियो। जसले गर्दा

उत्तरदातामाझ अग्रिम सूचना पुग्ने र आर्थिक गणनाका विषयमा जानकार हुने अवस्था सिजना भयो। आगामी दिनमा गणना सुरु हुनुअघि नै व्यापक प्रचारप्रसार गर्ने, गोपनीयतासम्बन्धी सन्देश स्पष्ट बनाउने, उद्योग वाणिज्य संघ र स्थानीय तहलाई अझ सक्रिय बनाउने तथा बन्द वा स्थानान्तरण भएका प्रतिष्ठानहरूको अद्यावधिक अभिलेख तयार गर्नुपर्ने देखिन्छ।

## ७. तथ्याङ्कको गुणस्तर सुनिश्चितता

आर्थिक गणनामा सङ्कलन गरिएका विवरणहरूको शुद्धता र विश्वसनीयता कायम गर्न विभिन्न चरणमा गुणस्तर परीक्षण गरिएको थियो। गणकहरूले भरेका फाराममा छुटेका विवरण, दोहोरो अभिलेख, अमिल्दा तथ्याङ्क तथा अस्पष्ट उत्तरहरू पहिचान गरी आवश्यक सम्पादन र सुधार गरिएको थियो। गणक तथा सुपरिवेक्षकहरूलाई तालिममार्फत प्रश्नावली, निर्देशिका, वर्गीकरण, फाराम भर्ने तरिका र तथ्याङ्कको गुणस्तरसम्बन्धी विषयमा अभिमुखीकरण गरिएको थियो। स्थलगत गणना कार्यमा सुपरिवेक्षकहरूले नियमित रूपमा फाराम परीक्षण, गणकलाई निर्देशन, त्रुटि सुधार र कार्यप्रगति अनुगमन गर्ने कार्य गरेका थिए।

जिल्ला आर्थिक गणना कार्यालयबाट पनि आवश्यकता अनुसार अनुगमन गरी गणना कार्यको अवस्था, तथ्याङ्कको पूर्णता र गुणस्तरको समीक्षा गरिएको थियो। दैनिक, साप्ताहिक तथा मध्यावधि समीक्षामार्फत गणना प्रगति, देखिएका समस्या र सुधारका उपायबारे छलफल गरी आवश्यक निर्देशन दिइएको थियो।

समग्रमा तालिम, सुपरिवेक्षण, अनुगमन र नियमित समीक्षाले तथ्याङ्कको गुणस्तर कायम गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको देखिन्छ। आगामी दिनमा फाराम परीक्षणलाई अझ व्यवस्थित बनाउने, डिजिटल जाँच प्रणाली प्रयोग गर्ने, गणकलाई थप व्यावहारिक तालिम दिने र दैनिक समीक्षा प्रणालीलाई अझ प्रभावकारी बनाउनु आवश्यक देखिन्छ।

## ८. जिल्लाको तथ्याङ्कीय प्रगति स्थितिः

जिल्लामा रहेका प्रतिष्ठानहरुको विवरण निम्नानुसार रहेको छ।

आर्थिक गणना, २०७५ अनुसार जम्मा प्रतिष्ठान संख्या - ८,९२३

आर्थिक गणना,२०८२ को लागि अनुमानित प्रतिष्ठान संख्या— ११,५७०

आर्थिक गणना, २०८२ मा विवरण संकलन गरिएका प्रारम्भिक प्रतिष्ठान संख्या— ११,३८७

आर्थिक गणना, २०७५ को तुलनामा २७.५% ले बृद्धि

बागलुङ जिल्लामा आर्थिक गणना, २०७५ को तुलनामा आर्थिक गणना, २०८२ मा आर्थिक प्रतिष्ठानहरू करिव २८% बृद्धि भएको देखिन्छ। जिल्लाका धेरै आर्थिक प्रतिष्ठानहरू खुद्रा व्यापार तथा कृषि क्षेत्रको रहेको पाइएको छ। तिव्र बसाईसराईको कारण एकातर्फ संचालनमा रहेका प्रतिष्ठानहरू बन्द हुने क्रम पनि बढेको पाइएको छ। साथै अनुदानको लागि कृषि फर्महरू दर्ता गर्ने तर संचालन नगरेको पनि पाइयो। अर्को तर्फ नयाँ नयाँ आर्थिक प्रतिष्ठानहरू पनि संचालन हुने क्रम केही हदसम्म बढेको पनि पाइयो।

*तालिका ७: स्थानिय तह अनुसार सङ्कलित प्रश्नावली फारमको प्रारम्भिक विवरण*

| पालिकाको नाम | जम्मा भवन संख्या | कागजी प्रश्नावली मार्फत | ई-सेन्सस मार्फत | जम्मा | संलग्न पुरुष | संलग्न महिला |
|---|---|---|---|---|---|---|
| काठेखोला गाउँपालिका | ६६८ | ७४७ | ० | ७४७ | १७११ | १६९८ |
| गल्कोट नगरपालिका | ११२५ | १२८२ | १ | १२८३ | २९४० | २८१४ |
| जैमुनी नगरपालिका | ९४१ | ११८७ | ० | ११८७ | २३५७ | २१९४ |
| ढोरपाटन नगरपालिका | ११३७ | १४५८ | ० | १४५८ | २८४८ | ३२८१ |
| तमानखोला गाउँपालिका | ३८९ | ४३१ | ० | ४३१ | ७३६ | ७४३ |
| ताराखोला गाउँपालिका | ३६६ | ४२६ | ० | ४२६ | १४९० | १२७७ |
| निसीखोला गाउँपालिका | ५४७ | ७१६ | ० | ७१६ | १४३६ | १६०७ |
| बडिगाड गाउँपालिका | ११४० | १३३६ | ० | १३३६ | २६८६ | २७८९ |
| बरेङ गाउँपालिका | २५५ | ३१२ | ० | ३१२ | ५८६ | ६३३ |
| बागलुङ नगरपालिका | २७८१ | ३४८० | ११ | ३४९१ | ७२०५ | ६५६४ |
| **कुल जम्मा** | **९३४९** | **११३७५** | **१२** | **११३८७** | **२३९९५** | **२३६००** |

## ५.८ भौतिक तथा वित्तीय प्रगति

राष्ट्रिय आर्थिक गणना २०८२ को बागलुङ जिल्लालाई राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त कार्यक्रम मध्य सबै कार्यक्रम सम्पन्न गरी भौतिक प्रगति १०० प्रतिशत भएको छ। वित्तिय तर्फ रु ५३ लाख ८६ हजार ४ सय ८० विनियोजन भएकोमा रु ४८ लाख ०६ हजार ५ सय ८७ खर्च भई कुल वित्तिय प्रगति ८९.२३ प्रतिशत भएको छ।

*तालिका ८: राष्ट्रिय आर्थिक गणना २०८२ को वित्तिय प्रगति (रकम रु हजारमा)*

| विवरण | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५३२६.४८ | ४७४६.६० | ८९.११ |
| पुँजीगत | ६०.०० | ५९.९९ | ९९.९९ |
| **जम्मा** | **५३८६.४८०** | **४८०६.५९** | **८९.२३** |

## ५.९ अन्य विषयहरु

गणनाका क्रममा गणक तथा सुपरिवेक्षकहरूबाट केही महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए। विशेषगरी प्रश्नावली र वर्गीकरणलाई अझ सरल बनाउने, इ-सेन्सस प्रणालीको प्रयोगमा थप व्यावहारिक तालिम दिने, गणनाक्षेत्र नक्शा र सामग्री समयमै उपलब्ध गराउने तथा दुर्गम क्षेत्रमा जनशक्ति परिचालन गर्दा पर्याप्त समय र सुविधा उपलब्ध गराउनुपर्ने, भौगोलिक रुपले विकट रहेका स्थानहरुमा कार्यबोझ अनुसार दरवन्दी थप गर्नुपर्ने सुझावहरू प्राप्त भए।

केन्द्रबाट गणना सञ्चालनका लागि आवश्यक निर्देशिका, सामग्री, प्राविधिक सहयोग तथा मार्गदर्शन उपलब्ध गराइएको थियो। गणना अवधिमा देखिएका प्राविधिक तथा व्यवस्थापकीय समस्याको समयमानै समाधानका लागि केन्द्रले तत् अनुसारको व्यवस्थापन समूह बनाउने तथा कार्यतत्परता अपनाउने।

गणना कार्यका क्रममा स्थानीय तह, वडा कार्यालय, उद्योग वाणिज्य संघ, व्यवसायिक सँगठन तथा अन्य सरोकारवालाहरूको सहयोग महत्वपूर्ण रह्यो। आगामी दिनमा केन्द्र, जिल्ला कार्यालय र स्थानीय तहबीच अझ पूर्वतयारीसहित समन्वय गर्ने, गणक तथा सुपरिवेक्षकका सुझावलाई योजना निर्माणमा समावेश गर्ने र प्रविधिमैत्री तथा सहज गणना प्रणाली विकास गर्नुपर्ने देखिन्छ।

## ५.१० चुनौती तथा सुझाव

आर्थिक गणना सञ्चालनका क्रममा केही चुनौतीहरू सामना गर्नुपरेको थियो। बागलुङ जिल्लाका केही क्षेत्र भौगोलिक रूपमा विकट तथा बस्तीहरू छरिएर रहेका कारण गणकहरूलाई कार्यक्षेत्रमा पुग्न कठिनाइ भयो। मौसमको प्रतिकूलता, यातायातको असहजता, इन्टरनेट तथा मोबाइल नेटवर्कको समस्या, इ-सेन्सस प्रणाली प्रयोगमा प्राविधिक कठिनाइ र केही उत्तरदाताबाट विवरण दिन हिचकिचाहटजस्ता समस्या देखिए। साथै, बन्द, स्थानान्तरण भएका वा मौसमी प्रकृतिका प्रतिष्ठानहरू पहिचान गर्न पनि केही कठिनाइ भएको ।

गणना कार्यबाट पूर्वतयारी, प्रभावकारी तालिम, स्थानीय तहसँगको समन्वय, नियमित सुपरिवेक्षण, दैनिक प्रगति समीक्षा र प्रचारप्रसार अत्यन्त आवश्यक हुने सिकाइ प्राप्त भयो। कागजी फाराम र इ-सेन्सस दुवै विधिको संयुक्त प्रयोगले कठिन अवस्थामा पनि गणना कार्य निरन्तरता दिन सहयोग गरेको देखियो। स्थानीय जनप्रतिनिधि, उद्योग वाणिज्य संघ र वडा कार्यालयको सहयोगले उत्तरदातासँग पुग्न र असहयोग समाधान गर्न सहज भएको अनुभव रह्यो।

# परिच्छेद ६: विविध

## ६.१ तथ्याङ्क समन्वय कार्यालय बागलुङबाट जारि गरिएको नागरिक वडापत्र

*तालिका ९: तथ्याङ्क समन्वय कार्यालय बागलुङको नागरिक वडापत्र*

| क्र.सं. | सेवाका प्रकार | पेश गर्नुपर्ने कागजात | सेवा प्राप्त गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार फाँट/कर्मचारी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | गणना सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. ४,०००।- (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ५,०००।- (ग) सरकारी निकाय/संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ८,०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |
| २. | सर्वेक्षण सम्बन्धित सूक्ष्म कोरा तथ्याङ्क बिक्री | सूक्ष्म कोरा तथ्याङ्कको प्रयोगको प्रयोजन खुलाई लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | राजस्व प्राप्त भएको ३ कार्यदिन भित्र | (क) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी रु. २५००।– (ख) नेपाल स्थित विद्यालय/ क्याम्पस/ विश्वविद्यालयका विद्यार्थी बाहेक अन्य नेपाली नागरिक रु. ३०००।- (ग) सरकारी निकाय/ संस्था/राष्ट्रिय गैरसरकारी संस्था रु. ५०००।- | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी | | | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत | लाग्ने खर्च सम्बन्धित निकाय वा संस्थाले व्यहोर्नु पर्ने |
| ४. | प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन फाँट | |
| ५. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन फाँट | |

## ६.२ तथ्याङ्क समन्वय कार्यालय बागलुङको स्वीकृत दरवन्दी तथा पदपूर्ती

*तालिका १०: तथ्याङ्क समन्वय कार्यालय बागलुङको स्वीकृत दरवन्दी*

| क्र.स | पद | सेवा समुह | श्रेणी | कुल दरवन्दी | जम्मा पदपूर्ती | रिक्त |
|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क समन्वय अधिकारी | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा.प. दितिय | १ | १ | ० |
| २ | तथ्याङ्क अधिकृत | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा. प. तृतीय | २ | २ | ० |
| ३ | सुपरिवेक्षक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा. प. अनं. प्रथम | ५ | २ | ३ |
| ४ | सह लेखापाल | प्रशासन, लेखा | रा. प. अनं. द्वितिय | १ | १ | ० |
| ५ | गणक | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | रा. प. अनं. द्वितिय | ३ | १ | २ |
| ६ | खरिदार | प्रशासन,सामान्य प्रशासन | रा. प. अनं. द्वितिय | २ | २ | ० |
| ७ | कार्यालय सहयोगी | प्रशासन, सामान्य प्रशासन | श्रेणी विहिन | २ | २ | ० |
| | | | **जम्मा** | **१६** | **११** | **५** |

## ६.३ तथ्याङ्क समन्वय कार्यालय बागलुङमा कार्यरत कर्मचारी विवरण

*तालिका ११: तथ्याङ्क समन्वय कार्यालय बागलुङको नागरिक वडापत्र*

| सि.नं. | कर्मचारीको नाम थर | पद | स्थायी ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | राम कुमार श्रेष्ठ | तथ्याङ्क समन्वय अधिकारी | गजुरी ७, धादिङ | ९८५७६३५९८८ |
| २ | चन्द्रकान्त सुवेदी | तथ्याङ्क अधिकृत | जैमिनी ७, बागलुङ | ९८४९१७९१६१ |
| ३ | नागेन्द्र प्रसाद यादव | तथ्याङ्क अधिकृत | हलखोरी ५, महोत्तरी | ९८४४१९२३२४ |
| ४ | हरिप्रसाद शर्मा | सुपरिवेक्षक | बागलुङ १३, बागलुङ | ९८४७६२९४९६ |
| ५ | राधिका थापा मगर | सुपरिवेक्षक | मालिका ७, म्यागदी | ९८४७७९४०२५ |
| ६ | नारायण पौडेल | खरिदार | बागलुङ ११, बागलुङ | ९८५११७४७८१ |
| ७ | सुवास सुवेदी | खरिदार | कुश्मा १, पर्वत | ९८६४४३२७१० |
| ८ | दिपेन्द्र कुमार राउत | गणक | महदेवा २, सप्तरी | ९८४००१७६३२ |
| ९ | लक्ष्मी पुन मगर | सह लेखापाल | काठेखोला ८, बागलुङ | ९८६४४३२४१० |
| १० | सपना पाण्डे पुन | कार्यालय सहयोगी | जैमिनी ३, बागलुङ | ९८४७७६८४०६ |
| ११ | खुमलाल सापकोटा | कार्यालय सहयोगी | ताराखोला ४, बागलुङ | ९८६९२०८११७ |

## ६.४ बेरुजुको अवस्था

आ व २०८१।८२ सम्ममा यस कार्यालयको नाममा कुनै पनि शिर्षकमा बेरुजु रहेको देखिन नआएको।

## ६.५ जिन्सी विवरण

यस कार्यालयको आ. व २०८२।८३ को असार मसान्तसम्ममा चालु हालतमा रहेका जिन्सी सामानहरुको विवरण तपशिल अनुसार रहेको छ।

*तालिका १२: तथ्याङ्क समन्वय कार्यालय बागलुङमा चालु हालतमा रहेको जिन्सी सामानको विवरण*

| क्र.स. | सम्पत्ति तथा जिन्सी मालसामानको नाम | एकाई | आ.व. २०८१।८२ सम्मको मौज्दात (परिमाण) | आ.व. २०८२।८३ को आम्दानी (परिमाण) | जम्मा मौज्दात (परिमाण) |
|---|---|---|---|---|---|
| १ | मोटर साइकल | पिस/थान | २ | १ | ३ |
| २ | डेस्कटप कम्प्युटर | पिस/थान | ५ | ० | ५ |
| ३ | ल्यापटप | पिस/थान | ७ | ० | ७ |
| ४ | ट्याबलेट | पिस/थान | २ | ० | २ |
| ५ | मोबाइल फोन | पिस/थान | ० | १ | १ |
| ६ | प्रिन्टर | पिस/थान | ५ | २ | ७ |
| ७ | प्रोजक्टर | पिस/थान | १ | ० | १ |
| ८ | Speaker Set | पिस/थान | ० | १ | १ |
| ९ | युपि एस | पिस/थान | १ | ० | १ |
| १० | ए.सी | पिस/थान | ३ | ० | ३ |
| ११ | ईन्भटर | पिस/थान | १ | ० | १ |
| १२ | टेवुल | पिस/थान | १४ | १ | १५ |
| १३ | कुर्चि | पिस/थान | ३३ | १ | ३४ |
| १४ | सोफासेट | पिस/थान | ३ | ० | ३ |
| १५ | स्टिल दराज | पिस/थान | ३ | २ | ५ |
| १६ | रिभल्वभिङ चेयर | पिस/थान | २ | ५ | ७ |
| १७ | टि टेवल | पिस/थान | ८ | १ | ९ |
| १८ | कम्प्युटर टेबल | पिस/थान | २ | ० | २ |
| १९ | ऱ्याक | पिस/थान | ३ | ० | ३ |
| २० | काठको दराज | पिस/थान | ४ | ० | ४ |
| २१ | भिजिटर चेयर | पिस/थान | ० | ३ | ३ |
| २२ | अफिस टेबल | पिस/थान | १ | ३ | ४ |
| २३ | भ्याकुम क्लिनर | पिस/थान | १ | ० | १ |

## ६.६ कार्यालयको प्रमुख समस्या, चुनौती तथा समस्या समाधानका उपायहरु

**प्रमुख समस्या/ चुनौती:**

- दरवन्दी अनुसारको पदपूर्ती हुन नसकेको।
- कार्यालयको कार्यक्षेत्र ५ जिल्लाका ३९ वटा स्थानिय तह भएको तथा भौगोलिक विकटताले गर्दा तथ्याङ्क संकलन, सुपरिवेक्षण तथा कार्यक्रम कार्यान्वयन गर्न कठिन रहेको।
- कार्यालयमा २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको अभाव रहेको।
- कर्मचारीको संख्या र वार्षिक कार्यक्रम बिच तादात्म्यता नमिलेको।
- वार्षिक कार्यक्रम कार्यन्वय गर्न कार्यक्रम अनुसारको बजेट रकम पर्याप्त विनियोजन नभएको।

**समस्या समाधानका उपायहरु:**

- दरवन्दी अनुसारको पदपूर्तीको लागि लोक सेवा माग तथा राष्ट्रिय तथ्याङ्क कार्यालयमा आवश्यक पहल गरिएको।
- कार्यालयको कार्यक्षेत्र ५ जिल्लाका ३९ वटा स्थानिय तह रहेकोमा स्याङ्जा जिल्ला भौगोलिक रुपले काम गर्न कठिन रहेकोले नजिकको कार्यालय अन्तर्गत व्यवस्थापन गर्नुपर्ने।
- कार्यालयमा २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको अभाव रहेकोले राष्ट्रिय तथ्याङ्क कार्यालयबाट व्यवस्थापन हुनुपर्ने।
- राष्ट्रिय तथ्याङ्क कार्यालयले वार्षिक कार्यक्रम बनाउँदा कर्मचारीको संख्या र कार्यक्रम बिच तादात्म्यता मिलाई कार्यक्रम बनाउनुपर्ने।
- कार्यक्रमको कार्यप्रकृति अनुसारको पर्याप्त बजेट रकम विनियोजन गर्नुपर्ने।

## अनुसूची १

## राष्ट्रिय आर्थिक गणना २०८२ मा खटिएका गणक तथा सुपरिवेक्षकहरुको विवरण

| क्र स | नाम थर | पद | सिफारिस गरिएको | | |
|---|---|---|---|---|---|
| | | | स्थानिय तह | वडा नं | गणना क्षेत्र नं |
| १ | अनुज आचार्य | गणक | जैमिनी न पा | ३,४, ९ र १० | ३,४, ९ र १० |
| २ | सृष्टि सापकोटा | गणक | जैमिनी न पा | १ र २ | १ र २ |
| ३ | विष्णु के सी | गणक | जैमिनी न पा | ५,६,७ र ८ | ५,६,७ र ८ |
| ४ | ईप्सीता बोहोरा | गणक | बागलुङ न पा | १,२ | वडा नं १ को १ र वडा नं २ को २ र ३ |
| ५ | भिजन बोहोरा | गणक | बागलुङ न पा | २, ३ | वडा नं २ को १,४,५ र ६ वडा नं ३ को १ र २ |
| ६ | सोस्तीका शर्मा | गणक | बागलुङ न पा | १२,१३,१४ | १२ , १३ , १४ |
| ७ | अर्पण भण्डारी | गणक | बागलुङ न पा | ९,१०,११ | ९, १०, ११ |
| ८ | समीर सापकोटा | गणक | बागलुङ न पा | ४ र ५ | ४ र ५ |
| ९ | अमृत गैरे | गणक | बागलुङ न पा | ६,७ र ८ | ६, ७ र ८ |
| १० | सन्ध्या सापकोटा | गणक | बागलुङ न पा | २ | ७,८,९,१०,११,१४ |
| ११ | गणेश सापकोटा | गणक | बागलुङ न पा | २ | १२,१३,१५,१६,१७ |
| १२ | सुवास रिजाल | गणक | बागलुङ न पा | ३ | ३,४,११,१२,१३ |
| १३ | सविना शर्मा | गणक | बागलुङ न पा | ३ | ५,६,७,८,९,१० |
| १४ | स्मृति पुन | गणक | काठेखोला गा पा | ५ देखि ८ | ५,६,७,८ |
| १५ | गजेन्द्र पुन | गणक | काठेखोला गा पा | १ देखि ४ | १,२,३,४ |
| १६ | मोहन कँडेल | गणक | ताराखोला गा पा | ४,५ | ४ र ५ |
| १७ | समीक्षा नाइसा मगर | गणक | ताराखोला गा पा | १,२,३ | १,२ र ३ |
| १८ | अर्जुन वि क | गणक | गल्कोट न पा | १,२,४ र ६ | १,२,४ र ६ |
| १९ | भुपाल वि सी | गणक | वरेङ गा पा | सबै वडा | १,२,३, ४ र ५ |
| २० | हिमाल रसाईली | गणक | तमानखोला गा पा | सबै वडा | १,२,३,४,५,६ |

| क्र स | नाम थर | पद | सिफारिस गरिएको | | |
|---|---|---|---|---|---|
| | | | स्थानिय तह | वडा नं | गणना क्षेत्र नं |
| २१ | टिका कुमारी बुढा मगर | गणक | ढोरपाटन न पा | ६,७,८ र ९ | ६,७,८ र ९ |
| २२ | अमित पुन | गणक | ढोरपाटन न पा | १ र २ | वडा नं १ को १ ,२, ३ र वडा नं २ पुरै |
| २३ | रेशम गौतम | गणक | ढोरपाटन न पा | ३,४,५ | ३, ४ र ५ |
| २४ | लिल प्रसाद पुन | गणक | ढोरपाटन न पा | १ | ४,५,६ र ७ |
| २५ | मन्जु थापा कुँवर क्षेत्री | गणक | निसीखोला गा पा | १,२,३ र ७ | १,२,३ र ७ |
| २६ | नबिन गौतम | गणक | निसीखोला गा पा | ४,५,६ | ४,५,६ |
| २७ | विपिन के. सी | गणक | बडिगाड गा पा | ७ र ८ | ७ र ८ |
| २८ | लक्ष्मी बुढा मगर | गणक | बडिगाड गा पा | ९,१० र ६ | ९,१० र ६ |
| २९ | अनिसा श्रीस | गणक | बडिगाड गा पा | ४ र ५ | ४ र ५ |
| ३० | बिमल घर्ति | गणक | बडिगाड गा पा | १, २ र ३ | १, २ र ३ |
| ३१ | सरिना वि क | गणक | गल्कोट न पा | १० र ११ | १० र ११ |
| ३२ | सुनिल गलामी | गणक | गल्कोट न पा | ३ र ८ | ३ र ८ |
| ३३ | निशान श्रीस | गणक | गल्कोट न पा | ५,७ र ९ | ५,७ र ९ |
| ३४ | सृष्टि आचार्य | सुपरिवेक्षक | जैमिनी न पा र बागलुङ न पा | | |
| ३५ | एलिसा लामिछाने | सुपरिवेक्षक | बागलुङ न पा | | |
| ३६ | कल्पना घर्ती मगर | सुपरिवेक्षक | वरेङ गा पा, गल्कोट न पा, ताराखोला गा पा र काठेखोला गा पा | | |
| ३७ | सन्तोष सापकोटा | सुपरिवेक्षक | निसीखोला गा पा, तमानखोला गा पा र ढोरपाटन न पा | | |
| ३८ | योगेन्द्र वि क | सुपरिवेक्षक | बडिगाड गा पा र गल्कोट न पा | | |

# अनुसूची २

## कार्यक्रमका केही महत्वपूर्ण तस्विरहरु




तथ्याङ्क दिवस २०८२ को अवसरमा कार्यालयका उत्कृट कर्मचारी श्री हरि प्रसाद शर्मा लाई नगद पुरस्कार सहित सम्मान




तथ्याङ्क दिवस २०८२ को अवसरमा २०८२।०९।१७ गते साँझ कार्यलयका कर्मचारी द्वारा कार्यालयको प्राङगडमा दिप प्रज्वलन कार्यक्रम




स्थानिय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम: निसीखोला गाँउपालिका, देविस्थान बागलुङ



स्थानिय तहमा तथ्याङ्कीय साक्षरता कार्यक्रम: तमानखोला गाँउपालिका, बोङ्गादोभान बागलुङ



जिल्ला आर्थिक गणना समन्वय समितिको पहिलो बैठकट: मिति २०८२।१२।०३ गते



आर्थिक गणनाका सम्बन्धमा आयोजित अन्तर्क्रिया तथा छलफल कार्यक्रम: २०८२।१२।१२ गते




आर्थिक गणनामा खटिने गणक तथा सुपरिवेक्षकको ५ दिने तालिम समापन पश्चात: २०८२।१२।३० गते




आर्थिक गणनाको अनुगमनको क्रममा: ताराखोला गाउँपालिका




आर्थिक गणनामा खटिएका गणक तथा सुपरिवेक्षकहरुको विदाई कार्यक्रम